नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका　日本初ネパール語の新聞　First Nepalese Newspaper in Japan

वर्ष ११, अंक ६, २०७५ पौष १६-२९, मूल्य : १०० येन　　Vol. 11, No. 6, January 1-15, 2019, Price : ¥ 100

‘सरकार जस्ट पास’
यो गतिले देश उँभो लाग्दैन

❑ नेस डेस्क

काठमाडौं – दुई तिहाई बहुमतको वर्तमान सरकारबाट जनताले धेरै आशा गरेका थिए, तर सरकार गठनको १० महिना पुगिसक्दा समेत जनस्तरमा महसुश हुने गरी काम गरेको देखिदैन । त्यसमाथि पछिल्लो समय विभिन्न घटना तथा प्रसंगलाई लिएर सरकारको आलोचनाको ग्राफ उकालो लागिरहेको छ । राजनीतिक विश्लेषक श्याम श्रेष्ठ यो सबै हुनुमा बोली अनुसारको काम गरेर देखाउन नसक्नु नै मुख्य कारण ठान्छन् । बोली र भाषणमा समृद्धिका ठूला कुरा गरे पनि व्यवहारतः त्यो गर्न नसक्दा सरकार आलोचित हुँदै गएको उनको ठम्याई छ । आखिर कहाँनिर चुक्दैछ त सरकार ? यसैविषयमा केन्द्रीत रहेर विश्लेषक श्रेष्ठसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः–

»» बाँकी पृष्ठ ७ मा

टोकियोमा सम्झिईए स्व.पौडेल

❑ नेस संवाददाता

टोकियो – अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) जापानका पूर्व अध्यक्ष वेदप्रसाद पौडेलको स्मृतिमा टोकियोमा श्रद्धाञ्जली सभा गरिएको छ ।

गत आइतवार एक समारोहको आयोजना गरी अनेसास जापानले पूर्व अध्यक्ष पौडेलप्रति श्रद्धाञ्जली ब्यक्त गरेको हो ।

समारोहमा स्व. पौडेलको तस्बिरमा पुष्पगुच्छा अर्पण गरी श्रध्दाञ्जली अर्पण गरिएको थियो । साथै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौन धारण पनि गरिएको थियो ।

संस्थापक अध्यक्ष डा. कुमार बस्नेतको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा अमेरिकाबाट आउनुभएका अनेसास बोर्ड अफ ट्रष्टीका नवनिर्वाचित कोषाध्यक्ष राम लामा ‘अविनाशी’ केन्द्रीय वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल ‘माइला’, पूर्व अध्यक्षद्वय बेलुकाजी थापा, आलोक चालिसे लगायतको विशेष उपस्थिति थियो ।

कार्यक्रममा बोल्ने वक्ताहरूले स्व. पौडेलको जापान बसाई र साहित्यिक योगदानको बारेमा चर्चा गरेका थिए ।

सो अवसरमा स्व. पौडेलको स्मृतिमा ५० हजार येन राशीको ‘वेदप्रसाद नव युवा साहित्य पुरस्कार’ को स्थापना गरिएको छ । उक्त पुरस्कार जापान भित्र रहेर साहित्यिक लेखन र सिर्जनामा योगदान पुऱ्याउने युवालाई हरेक वर्ष दिईने बताईएको छ । समाजका अध्यक्ष दीप पाठकको सभापतित्वमा भएको सो कार्यक्रममा सचिव रबिन शर्माको स्वागत र महासचिब अरूण पौडेलको सञ्चालन रहेको थियो ।

लामो समय जापानमा रहेका पौडेलको गत डिसेम्वर २८ मा ४५ वर्षको उमेरमा नेपालमा निधन भएको थियो ।

सम्पादकीय

सुधारको खाँचो

जापानमा हरेक सप्ताहान्त अर्थात शनिवार र आईतवार नेपालीहरूका विभिन्न कार्यक्रम भईरहन्छन् । सभा, भेला, अन्तरक्रिया, गोष्ठि, सेमिनार, अधिवेशन लगायत विभिन्न पर्वहरूमा सार्बजनिकरूपमा औपचारिक कार्यक्रमहरू यहाँ हरेक साता हुने गर्दछन् । विशेषगरी संघसंस्थाहरूले यस्ता कार्यक्रमहरू मार्फत आफ्ना गतिविधि अगाडि बढाईरहेका हुन्छन् । करीव सयौंको संख्यामा रहेका नेपाली संघसंस्थाहरू प्राय: राजधानी टोकियो केन्द्रित छन् ।

कुनै पनि कार्यक्रमको आयोजकले निमन्त्रणाका लागि पत्राचार गर्नेदेखि कार्यक्रम सम्पन्न गर्ने दिनसम्म आईपुग्दा धेरै गृहकार्य र तयारी गर्नुपर्ने हुन्छ । कार्यक्रमको उद्देश्य, प्रकृति र औचित्यअनुसार प्रमुख अतिथिको चयनदेखि वक्ताहरूको चयन गर्ने बेलासम्म धेरै विचार पुर्‍याउनुपर्ने हुन्छ । त्यसपछि कार्यक्रमको प्रकृतिअनुसार उद्घोषकको चयन अर्को महत्वपूर्ण पाटो हो । कार्यक्रमको विषयवस्तु बारे उद्घोषक जानकार हुन आवश्यक छ । आमन्त्रित अतिथिहरूलाई अपमानित भएको महशुस हुन नदिने गरी उद्घोषक सचेत रहन सक्नुपर्दछ । मर्यादाक्रम अनुसारको सम्बोधन र बिषयवस्तुमा मात्र वक्ताहरूलाई केन्द्रित रहन उद्घोषकले चलाखीपूर्ण भूमिका निर्बाह गर्न सक्नुपर्दछ । निर्धारित समयमा सुरू नहुनुले नेपालीको कार्यक्रमप्रति धेरैमा नकारात्मक प्रभाव परेको देखिन्छ । समयमा सुरू नहुँदा निर्धारित समयमा सकिने कुरै भएन । यसो हुँदा चाहेर पनि कतिपय कार्यक्रममा सहभागिता जनाउन सकिदैंन । एकैदिनमा धेरै कार्यक्रम जुध्नु, कार्यक्रम समयमा सुरू नहुनु, लम्बेतानको आसन ग्रहण, खादापाता, ब्याच वितरण र पट्याँईलाग्दा भाषणभिषण जस्ता कारण कार्यक्रमहरूप्रति सर्बसाधारणको आकर्षण दिनप्रतिदिन घट्दो छ । अर्कोतिर सँधै एउटै अनुहारका वक्ताहरूको लामो सूची, बिषयवस्तु एकातिर सँधै पुरानै गन्थन दोहोर्‍याईएका मन्तब्य, दर्शकदीर्घामा भन्दा मञ्चमा आसिन अतिथिहरूको बाहुल्यता आदि नेपाली कार्यक्रमहरूमा देखिने परिदृश्य हुन् । यी सबै तथ्यहरूलाई विश्लेषण गर्दा पछिल्ला समयमा नेपाली कार्यक्रमको गुणस्तर खस्कदों क्रममा रहेको भन्न सकिन्छ । त्यसकारण नेपाली समुदायमा हुने कार्यक्रमहरूको शैलीमा नयाँ प्रयोग र ब्यापक सुधारको खाँचो देखिन्छ । बिषयवस्तुको चयन एवं कार्यक्रमको नामाकरण, स्लोगन, आकर्षक ब्यानर, उद्घोषक चयन, वक्ता चयन, समयको पालना जस्ता बिषयमा राम्रोसंग ध्यान पुर्‍याउन सक्ने हो भने कार्यक्रम स्वत: प्रभावकारी हुनेमा शंका रहँदैन । यसका लागि ध्यान दिनुपर्ने सबैभन्दा महत्वपूर्ण पक्ष भनेको पूर्व तैयारी नै हो । आयोजित कार्यक्रम सम्पन्न गर्नका लागि क्षमता र अनुभव अनुसारको कार्यविभाजन, भूमिका बारे स्पष्टता, वक्तालाई पूर्व जानकारी गराई बोल्ने बिषयबारे अध्ययन गरी आउन आग्रह गर्ने हो भने कम समयमा प्रभावकारी खुराक आउन सक्नेमा संदेह रहँदैन । जसले गर्दा कार्यक्रमको गरिमा स्वत: बढ्न सक्छ । हामीकहाँ ब्यक्तिलाई खुशी पार्नका लागि पनि धेरैलाई बोल्न दिने प्रचलन छ । बिना तैयारीका धेरै वक्ता भन्दा तयारी साथ आएका अनुभवी एवं प्रभावशाली थोरै वक्ताबाट कम समयमा धेरै ज्ञानबर्द्धक र सूचनामुलक बिषयहरू आउन सक्छन् ।

अकोतर्फ हरेक कार्यक्रममा राजदूतलाई प्रमुख अतिथिकारूपमा निमन्त्रणा गर्ने विद्यमान प्रचलनमा पनि परिवर्तन गर्न जरूरी छ । कार्यक्रमको महत्व र औचित्य हेरी खास खास र सीमित कार्यक्रममा मात्र राजदूतको सहभागिताको अपेक्षा गरिनु सान्दर्भिक हुन्छ । जापान जस्तो नेपालका लागि अति महत्वपूर्ण देशका लागि खटिएका राजदूतले हरेक हप्ता हुने नेपालीहरूका सानातिना कार्यक्रममा समय दिएर संभव हुँदैन र अर्थ पनि छैन । बरू जापानमा नेपालको चिनारी बढाउने, देशमा लगानी भित्र्याउने, पर्यटक भित्र्याउने, यहाँ रहेका नेपालीहरूका लागि सेवा सुविधा बढाउने, दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउने जस्ता महत्वपूर्ण कार्यक्रमहरूमा यहाँको नेपाली समुदायले दूतावासलाई सहयोग र सहकार्य गर्न सक्नुपर्दछ ।

जापानमा क्रियाशील संघसंस्थाहरू बीच हुने कार्यक्रमहरूलाई समयानुकुल प्रभावकारी र उपलब्धिमुलक बनाउन समय समयमा पारस्परिक बहस, छलफल र अनुभव आदान प्रदान गरिनु जरूरी छ । त्यतातिर कसैको ध्यान जान सकेको देखिदैंन । विद्यमान कर्मकाण्डी शैलीको हाम्रा कार्यक्रममा क्रमिक सुधार गर्दै नयाँपनसहित क्रमभंग हुनुपर्ने समयको माग छ । जापानी समुदायद्वारा आयोजना गरिने कार्यक्रमबाट पनि धेरै सिक्न सकिन्छ । भद्दा शैलीमा गरिने आसन ग्रहण, खादार्पण र आवश्यकता भन्दा बढि भाषणबाजी कटौती गरी समयको मात्र पालना गर्ने हो भने हाम्रा कार्यक्रमहरू स्वत: स्मार्ट बन्न सक्छन् । जापानको महंगो समयलाई कसैले पनि अरूचीको बिषयमा खर्च गर्न चाहदैनन् । त्यसैले यसतर्फ पनि समाजका जिम्मेवार अगुवाहरूले बेलैमा ध्यान दिने हो कि ?

के तपाई पुस्तक लेख्ने सोचमा हुनुहुन्छ ?

जीवनका अविस्मरणीय घटना तथा क्षण
प्रवास भोगाइका तीता, मीठा अनुभव
अनि मनमा सँधै छचल्किरहने भावना,
यात्रा-नियात्रा संस्मरण, जीवनी
लगायतका विषयवस्तु समेटिएको
पुस्तक प्रकाशन गरेर
लेखक बन्न चाहानुहुन्छ भने
हामीलाई सम्पर्क गर्नुहोला ।

साथै कथा संग्रह, कविता संग्रह, गजल संग्रह,
उपन्यास लगायतका साहित्यिक प्रकाशन तथा संघसंस्थाहरूका
संस्थागत मुखपत्र, स्मारिका, बिधान लगायतका दस्ताबेज प्रकाशन
गर्नुपरेमा पनि हामीलाई सम्झनुहोला ।

080-4150-5314

GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

नेपाल भ्रमण वर्ष २०२० र जापानी पर्यटक

विचार

तिलक मल्ल

> सन् २०१३ मा १ करोड पर्यटक भित्र्याएको जापानले सन् २०१६ मा २ करोड र सन् २०१८ मा आएर ३ करोड पर्यटक भित्र्याएको छ । यो वृद्धिदरलाई हेर्दा प्रतिवर्ष जापानले ५0 लाख थप पर्यटक भित्र्याउन सफल देखिन्छ । सन् २020 मा ओलम्पिकको आयोजना गर्न गईरहेको जापानले ४ करोड पर्यटक पु्र्‍याउने लक्ष लिएको छ । उसो त जापान आउने आधा हिस्सा पर्यटकहरु चिनियाँ, कोरियन, ताईवान, हङकङबाट रहेको तथ्यहरुबाट पुष्टि हुन्छ । यस दृष्टान्तबाट नेपालले पनि सिक्न सकिने कुरो के हो भने अरबौ जनसंख्या रहेको चीन र भारत जस्ता भिमकाय दुई छिमेकी मुलुकबाट पर्यटक भित्र्याउन जे जति पहलकदमी गरिनुपर्ने हो त्यति भएको देखिदैन ।

नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउने र २० लाख पर्यटक भित्र्याउने महत्वाकाँक्षी योजना अगाडि सारेको छ । यस अभियानलाई सफल बनाउन नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष एवं उद्यमी सुरज वैद्यलाई संयोजक तोकेको छ । यो आफैमा चुनौतीपूर्ण अभियान हो । तथापि सबै क्षेत्रबाट यथोचित सहयोग रहने हो भने यो अभियानलाई सफल पार्न असंभव भने छैन ।

नेपाल जस्तो प्राकृतिक सौन्दर्यताले भरिपूर्ण र विविधतायुक्त विशेषता एवं सामाजिक संरचना भएको मुलुकको लागि पर्यटन सबैभन्दा बढि संभावना भएको क्षेत्र मानिन्छ, जुन बिश्वका अन्य मुलुकमा विरलै पाईन्छ । हामीसंग भएका तर कहिलै नासिएर र मासिएर नजाने केवल राम्रो ब्यवस्थापन गरिदिए पुग्ने यस्तो संभावनालाई नेपालले प्राथमिकताका साथ उपयोग गर्न सकेको छैन । त्यसमाथि पर्यटन एउटा यस्तो क्षेत्र हो जसले केवल अर्थतन्त्रसंग मात्र सरोकार राख्दैन । देशमा पर्यटकहरू आउँदासाथ रोजगारीका अवसर सिर्जना हुनुका साथै स्वदेशी उत्पादनहरूले बजार पाउँछन् भने नेपालका पर्यटकीय क्षेत्र तथा नेपाली कला, सँस्कृति तथा जीवनशैली बारे आफ्नो देशमा फर्कपछि उनीहरू आफैले प्रचार गरी अरू पर्यटक नेपाल पठाउन सहयोग गरिदिन्छन्, मात्र उनीहरूलाई खुशी बनाएर पठाउन सक्नुपर्‍यो । यसो हुँदा नेपालले पर्यटन क्षेत्रबाट मनग्गे लाभ लिन सक्ने संभावना हुँदाहुँदै पनि लाभ लिन नसकिरहेको परिप्रेक्ष्यमा सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरी विश्वका पर्यटकहरूलाई नेपाल भ्रमण गर्न आह्वान गरिएको छ । यसलाई सफल पार्न राज्य, सम्बन्धित क्षेत्रका विज्ञ, निजी क्षेत्र, नागरिक समाज, विदेशमा बस्ने नेपाली सबैको उत्तिकै दायित्व र भूमिका अपेक्षित छ ।

हवाईमार्ग भएर हाम्रो देशमा भित्रिने एउटा मात्र नाका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पर्यटकलाई गरिने ब्यवहार, यात्राको क्रममा सवारी साधन तथा पर्यटन ब्यवसायीहरूद्वारा हुने ब्यवहार पर्यटकमैत्री नभएको स्वयम नेपाल भ्रमणबाट फर्केका पर्यटकहरू बताउने गर्दछन् । नारामा 'अतिथि देवो भव:' भनिएता पनि ब्यवहारमा त्यसो हुन नसक्नु अर्को चिन्ताको बिषय हो । अर्कोतिर पर्यटकहरूलाई फुथपाथमा विभिन्न बहानामा मगन्तेहरूले मागेर हैरानी गर्ने क्रियाकलाप पनि कुनै पनि मानेमा शोभनीय देखिदैंन । यस्ता क्रियाकलपाहरूलाई राज्यले कडाईका साथ रोक लगाउनुपर्दछ । नागरिक तहबाट पर्यटकहरूलाई गर्नुपर्ने स्वागत सत्कार, सम्मान, सेवाभाव र उनीहरूको रूचीअनुसार भ्रमणस्थलबारे जानकारी दिने कार्यमा सहजीकरण गरिनुपर्दछ ।

नेपाल भ्रमण वर्षलाई ध्यानमा राखी सरकारले हालैमात्र देशभरिबाट थप १ सय वटा पर्यटन गन्तब्यको पहिचान गरेको छ । ती स्थानहरूमा घुम्नका लागि विशेष ठाउँ, बसोबासका लागि राम्रो सुविधायुक्त होटल तथा निर्वाधरूपमा अवलोकन गर्न सकिने वातावरण भए नभएको सुक्ष्मरूपमा अध्ययन गरेर मात्र त्यस्ता ठाउँमा पर्यटक पठाउनुपर्दछ । घोषणा गरेकै भरमा ती स्थानहरूमा आवश्यक सुविधा नहुन पनि सक्छन् ।

पर्यटनलाई आर्थिक समृद्धिसंग जोडेर रोजगारीका अवसरहरू सिर्जना गर्न सरकारले घोषणा मात्र गरेर हुँदैन त्यसका लागि यातायात, सञ्चार, स्वास्थ्य जस्ता सेवा, सुविधालगायत अन्य आवश्यक आधारभुत संरचनाको यथोचित बन्दोबस्तीमा ध्यान दिनुपर्दछ । यसका साथै पर्यटनको क्षेत्रमा लोभलाग्दो प्रगति गरेका अन्य छिमेकी मुलुकहरूको अभ्यासलाई पनि नेपालले अनुसरण गर्न आवश्यक छ । पछिल्ला समयमा पर्यटनको माध्यमबाट मुलुकको अर्थतन्त्रमा उल्लेख्य प्रगति गरेका श्रीलंका, भियतनाम, म्यान्मार, थाइल्याण्ड, जापान जस्ता मुलुकहरूको अभ्यास र मोडललाई पनि नेपालले अध्ययन, मनन गर्न वाञ्छनीय छ ।

सन् २०१३ मा १ करोड पर्यटक भित्र्याएको जापानले सन् २०१६ मा २ करोड र सन् २०१८ मा आएर ३ करोड पर्यटक भित्र्याएको छ । यो वृद्धिदरलाई हेर्दा प्रतिवर्ष जापानले ५० लाख थप पर्यटक भित्र्याउन सफल देखिन्छ । सन् २०२० मा ओलम्पिकको आयोजना गर्न गईरहेको जापानले ४ करोड पर्यटक पुर्‍याउने लक्ष लिएको छ । उसो त जापान आउने आधा हिस्सा पर्यटकहरू चिनियाँ, कोरियन, ताईवान, हङकङबाट रहेको तथ्यहरूबाट पुष्टि हुन्छ । यस दृष्टान्तबाट नेपालले पनि सिक्न सकिने कुरो के हो भने अरबौ जनसंख्या रहेको चीन र भारत जस्ता भिमकाय दुई छिमेकी मुलुकबाट पर्यटक भित्र्याउन जे जति पहलकदमी गरिनुपर्ने हो त्यति भएको देखिदैंन । पर्यटन, ब्यापार, पारबहन जस्ता क्षेत्रमा दुई ठूला छिमेकी मुलुकको बिचमा हुनुको फाईदा लिन नसक्नाले नेपाल सँधै अरूको मुख ताक्नुपर्ने नियतिबाट गुज्रनु परिरहेको छ ।

नेपाल भ्रमण वर्षको पूर्वसन्ध्यामा जापान नेपाल सिधा हवाई उडान सुरू हुने बिषयले अर्को आशा जगाएको छ । अबको तिब्र लक्ष्य भनेको जतिसक्दो धेरै जापानी पर्यटकहरू नेपाल घुम्न प्रेरित गरिनु हुनुपर्दछ । स्वभावैले जापानीहरू घुम्न मन पराउँछन् तर विडम्बना नेपाल बारे अनभिज्ञ जापानीहरूको संख्या ठूलो छ । नेपालको नामै नसुनेका जापानीहरू पनि प्रशस्त भेटिन्छन् । त्यसकारण जापानमा नेपाललाई चिनाउने खालका प्रभावकारी कार्यक्रमहरू निरन्तर गरिनुपर्ने देखिन्छ । नेपाल चिनाउने उद्देश्यले जापानमा रहेको नेपाली समुदायको पहलमा हालसम्म गर्दै आईरहेको गतिबिधिले मात्र अब पर्याप्त हुँदैन । पर्यटन प्रबर्द्धनको क्षेत्रमा राज्यको तर्फबाट देखिने गरी जापानमा गतिबिधि हुन छोडेको वर्षौ भईसक्यो । हामी नेपालीले आफ्नो देश जतिसुकै राम्रो छ भनेर कुर्लिए पनि उनीहरू सहजै बिश्वास गर्न सक्दैनन् त्यसकारण नेपालको प्रचारप्रसारमा जापानी मित्रहरूको सहयोग र सहकार्य लिन सकियो भने त्यो सयौं गुणा प्रभावकारी हुन सक्दछ । समय समयमा नेपाल बारे जानकारीमुलक सेमिनार, गोष्ठि, प्रदर्शनी गरिनुका साथै जापानी मिडियाहरूमा जापानी भाषामा नेपालको बारे जानकारीमुलक लेख तथा सामाग्री प्रकाशन गरिनु आवश्यक छ । यसका लागि जापानमा रहेको नेपाली राजदूतावास, नेपाल पर्यटन बोर्ड, पर्यटन क्षेत्रका विज्ञ, यहाँका संघसंस्था, नेपाल वायुसेवा निगम, नेपाली ब्यवसायी, नेपाली मिडिया, नागरिक समाज सबै मिलेर सन् २०१९ को वर्षभरिको सामुहिक कार्ययोजना सहितको क्यालेण्डर तयार गरी जापानमा नेपाल भ्रमण वर्ष बारे आत्रामक ढंगले प्रचारप्रसारमा लाग्नुपर्ने देखिन्छ ।

सरकारी तथ्याङ्क अनुसार सन् २०१८ मा करीव १० लाख पर्यटक नेपाल भित्रिएको खबर बाहिर आएको भएता पनि यो तथ्याङ्क हवाईमार्ग र स्थलमार्ग भएर नेपाल प्रवेश गर्ने पर्यटकको हुन सक्ने देखिन्छ । अबको एक वर्षपछि २० लाख पुर्‍याउने लक्ष त्यति सजिलो नभए पनि असंभव भने छैन तर यसका लागि सबै क्षेत्रका नेपालीहरू एकढिक्का भएर जुर्मुराएर उठ्न जरूरी छ ।

नेपाल भ्रमण वर्ष २०२० लाई केन्द्रमा राखी सरकारले जापानमा ३ जना अवैतनिक पर्यटन दूतको खोजी भईरहेको समाचार बाहिर आईरहेका छन् । यस सम्बन्धमा विगतमा यो जिम्मेवारी पाएका ब्यक्तिहरूको कामको मुल्याङ्कन र समीक्षा हुनु जरूरी छ । जिम्मेवारी पाएका ती ब्यक्तिले राष्ट्रका लागि पर्यटनको क्षेत्रमा के कति योगदान गरे त्यसको लेखाजोखा गरिनुपर्दछ । नामका लागि मात्र पर्यटनदूतको पद सिर्जना गर्नुको कुनै अर्थ छैन । जापानीहरूबिच राम्रो सम्बन्ध स्थापना गर्न सक्ने, बिषयगत अध्ययन र अनुभव भएको, भाषामा दखलता हासिल गरेको, योग्यता र बौद्धिक क्षमतामार्फत जापानीहरूमा प्रभाव पार्न सक्ने टावर फिगर ब्यक्तिहरू भए मात्र जापानमा नेपालको चिनारी बढाएर जापानी पर्यटकलाई नेपाल पठाउन सकिन्छ । पर्यटन दूत जस्तो स्वयमसेवी र निस्वार्थ भावनाले राष्ट्रसेवामा योगदान दिने जिम्मेवारीलाई पनि राजनैतिक भनसुनको आधारमा नियुक्ति दिईयो भने नेपाली समाज ध्रुविकरण हुने र अपेक्षित सबै क्षेत्रको सहयोग र सहकार्यमा सहजता नहुन पनि सक्छ । त्यसकारण नेपालको प्रचारप्रसारमा जापानीहरूको सहयोग लिनु सबैभन्दा बुद्धिमानी हुने भएकोले नेपाल बारे जानकार, नेपालको लागि योगदान गर्न सक्ने लब्ध-प्रतिष्ठित जापानी नागरिक भएमा सकारात्मक परिणाम हासिल गर्न सहज हुने देखिन्छ ।

जापानका हरेक प्रिफेक्चरका साना ठूला हरेक सहरमा नेपालीहरूका रेष्टुरेन्ट तथा कुनै न कुनै ब्यवसाय छन् । यहाँसम्म कि नेपालको झण्डा टाँगिएका नेपाली रेष्टुरेन्ट नभएको कुनै ट्रेन स्टेशन संभवत अब बाँकी नहोला । ती सबै ठाउँहरूमा नेपालको चिनारीमुलक जापानी भाषामा लेखिएको प्रचार सामाग्री पुर्‍याएर वितरण गर्न लगाउने, जापानीहरूको आवागमन बाक्लो हुने सार्बजनिक ठाउँहरूमा नेपालको पर्यटकीय होडिङबोर्ड लगाउने, सवारी साधनहरूमा स्टिकर तथा लोगो राख्न पहल गर्ने, विभिन्न सहर केन्द्रित स्थानहरूमा नेपालको प्रचारप्रसार सम्बन्धि भेला, गोष्ठि, सेमिनारको आयोजना गर्ने, नेपालीहरूको जनघनत्व बढि भएको सहरका स्थानीय निकायसंग मिलेर प्रचारात्मक अभियानमा सहकार्य गर्न अपिल गर्ने लगायतका कार्यहरू गरी जापानका नेपालीहरूले पर्यटन वर्षलाई सघाउन सक्दछन् । यसका लागि जापानी तथा नेपाली समुदायका सबै क्षेत्रका मानिसबीच समन्वयकारी भूमिका निर्बाह गर्न सक्ने आइकन पर्सनालिटीलाई पर्यटनदूतको जिम्मेवारी दिईनु उपयुक्त देखिन्छ । यस सम्बन्धमा छिमेकी मुलुकहरूले अपनाएको मोडल पनि लिन सकिन्छ । श्रीलंकाले जापानमा आफ्नो देशको पर्यटन प्रबर्द्धनका लागि चर्चित जापानी उद्यमी महिला सातिको याहातालाई ब्राण्ड एम्बेसेडर नियुक्ति गरेको छ भने म्यान्म्यारले जापानी सेलिब्रेटी मोरिसाकी वीनलाई ब्राण्ड एम्बेसेडर नियुक्ति गरेको छ ।

आफ्नो देशको पर्यटन प्रबर्द्धनमा सघाउन सम्बन्धित देशकै लब्ध प्रतिष्ठित नागरिकलाई पर्यटन दूतकारूपमा नियुक्ति गरिएका यस्ता अरू थुप्रै उदाहरणहरू छन् । यस कार्यमा नेपाली दूतावास, एनआरएन, समाजका जिम्मेवार अगुवाहरूबाट सहि ब्यक्तिलाई सहि जिम्मेवारी दिलाउने कार्यमा सकारात्मक भूमिका निर्बाह हुने अपेक्षा गरिएको छ ।

ओलम्पिकका लागि स्वयम सेवकको ओईरो

TOKYO 2020

❑ नेस संवाददाता

टोकियो – आगामी वर्ष जापानमा हुने ओलम्पिक र प्यारा ओकलम्पिकका लागि आह्वान गरिएको भन्दा दोबरको संख्यामा स्वयम सेवक उम्मेदवारहरूको निवेदन परेको आयोजक स्रोतले जनाएको छ ।

स्रोतका अनुसार ८० हजार स्वयम सेवकको आह्वान गरिएकोमा १ लाख ८६ हजार १ सय १ जनाको निवेदन परेको हो । निर्धारित समयसीमा डिसेम्बर २१ सम्ममा आवेदन गर्ने उक्त संख्याको ६४ प्रतिशत महिला रहेको र ३७ प्रतिशत विदेशी रहेका छन् ।

ती मध्यबाट छनौट गरी उनीहरूलाई फेब्रुअरी महिनामा अभिमुखीकरण तालीम (ओरियन्टेशन सेसन) दिइने र अक्टुबरमा आधारधुत तालीम (बेसिक ट्रेनिङ) दिईने आयोजक स्रोतले जनाएको छ ।

यसबाहेक टोकियो महानगरीय सरकारले ३६ हजार ६ सय ४९ जना आबेदकहरूको निबेदन प्राप्त भएको जनाएको छ । उनीहरूले ओलम्पिक र प्यारा ओलम्पिकको समयमा सहरी क्षेत्र र यसको आसपासका यातायात व्यवस्थापन तथा दृश्यावलोकनका लागि विशेषगरी विदेशी पर्यटकहरूका लागि स्वयमसेवी भूमिकामा रहेर सहजीकरण गर्ने भएका छन् । २० हजार स्वयमसेवीहरूको आह्वान गरिएकोमा सो भन्दा बढि संख्यामा आवेदन परेको हो ।

टोकियो ओलम्पिक सन् २०२० को जुलाई २४ देखि अगस्त ९ सम्म हुने छ भने प्याराओलम्पिक अगस्त २५ देखि सेप्टेम्बर ६ सम्म चल्ने छ । ओलम्पिक आयोजक राष्ट्र जापानले यसको ब्यापक तैयारीहरू गरिरहेको छ । शान्ति सुरक्षा, भौतिक पूर्वाधारमा सुधार, यातायात व्यवस्थापनलाई चुस्त दुरुस्त र सार्वजनिक महत्वका ठाउँहरूमा विभिन्न भाषामा सूचना, क्यामेरा जडान गर्ने लगायतका कार्य तिब्ररूपमा भईरहेका छन् । विदेशबाट आउने पर्यटकहरूलाई ध्यानमा राखी होटल ब्यवस्थापन, विभिन्न भाषामा जानकारी दिन सक्ने स्वयम सेवकहरू ब्यापक परिचालन गरी कुनै पनि सेवा, सुविधामा कमी हुन नदिन जापान सरकारले तैयारीलाई तिब्र पारेको छ ।

नेपाली बक्सर बस्नेत जापानसँग भिड्दै



❑ नेस संवाददाता

टोकियो – नेपालका राष्ट्रिय बक्सिङ च्याम्पियन म्याक्स (मनोहर) बस्नेत जापानको योकोहोमामा हुने मुराकामी प्रोफेशनल बक्सिङ प्रतियोगितामा भाग लिन जापान आएका छन् । आउँदो फेब्रुअरी ३ तारिख आइतवार हुने सो टूर्नामेन्टमा उनले जापानका पूर्व राष्ट्रिय च्याम्पियन इतोसंग भिड्ने भएका छन् ।

१४ पटकसम्म राष्ट्रिय बक्सिङ च्याम्पियन र ३ पटक सम्म बक्सिङ बेष्ट प्लेयर अवार्ड जितेका बस्नेतले ५ महिना अगाडिमात्र भारतीय राष्ट्रिय बक्सिङ च्याम्पियन असिदिप बुलरलाई हराएका थिए ।

नेपाली समाचारसंग कुरा गर्दै बस्नेतले नेपालमा बक्सिङ असाध्यै राम्रो संभावना भएको खेल हुँदा हुँदै पनि बक्सिङ खेललाई हेर्ने दृष्टिकोण अझै नकरात्मक रहेको धारणा ब्यक्त गरे । राज्य र सम्बन्धित निकायको प्राथमिकतामा नपरेकै कारण नेपालले जति गर्नुपर्ने हो त्यति बक्सिङमा प्रगति गर्न नसकेको उनको धारणा थियो । तथापि नेपालमा बक्सिङ खेललाई एउटा मर्यादित, ब्यवसायिक र देशलाई चिनाउने खेलकोरूपमा बिकास गरेर देखाउन आफु प्रतिबद्ध रहेको बस्नेतले बताए ।

समृद्धशाली राष्ट्रहरूलाई अरू क्षेत्रमा प्रतिस्पर्धा गर्न नसके पनि खेलको माध्यमबाट जितेर देखाउन सकिने र त्यो हैसियत नेपालको रहेको उनले जिकिर गरे ।

फेब्रुअरी ३ तारिखका दिन योकोहामामा हुने टूर्नामेन्टमा समय मिलाएर सहभागी भई हौसला प्रदान गरिदिन बस्नेतले जापानबासी नेपाली समुदायलाई अपील गरेका छन् । जापानलाई नेपाल चिनाउने यो उपयुक्त अवसर पनि भएकोले नेपालीहरूको सद्भाव, समर्थन र हौसला आवश्यक परेको उनले बताए ।

जापानभरी वयस्क दिवस मनाईयो

❑ नेस संवाददाता

टोकियो – हरेक वर्षको दोस्रो सोमबार जापानमा वयस्क दिवस मनाईन्छ । यसलाई जापानी भाषामा 'सेइजिन नो हि' भनिन्छ ।

२० वर्ष उमेर पुगेका जापानी युवायुवतीहरूले सोमबार वयस्क दिवस मनाएका छन् । यस अवसरमा युवतीहरूले परम्परागत जापानी पोशाक कि मोनो लगाउने चलन छ । युवाहरूले भने सुट लगाउँदछन् ।

सयौंका संख्याका युवायुवतीहरू राजधानी टोकियोको मेइजी मन्दिरमा परिवारसहित भेला भएर यो दिवस मनाएका छन् । त्यसबाहेक डिज्नील्याण्ड, उरायासु, चिवा लगायतका लोकप्रिय ठाउँहरूमा यो दिवस मेलाकारूपमा मनाईएको छ ।

यसैबीच योकोहामा सिटीमा सोमबार बिहान आयोजित एक समारोहमा २० वर्ष पुगेका ३७ हजार युवायुवतीहरू सहभागी भएका छन् । सो अवसरमा सिटीका मेयर फुमिको हायासीले वयस्क दिवसको उपलक्ष्यमा शुभकामना दिएका थिईन् ।

जनसंख्या तथा तथ्याङ्क मन्त्रालयका अनुसार जापानमा यो पटक २० वर्ष उमेर पुग्ने जापानीहरूको संख्या पुरुष ६ लाख ४० हजार र महिला ६ लाख १० हजार गरी १२ लाख ५० हजार रहेको छ । यो संख्या अघिल्लो वर्षभन्दा २० हजारले बढि हो ।

२० वर्ष पुगेपछि मात्र जापानमा वालिग मानिन्छ र उनीहरू कानुनीरूपमा धुमपान तथा मद्यपान गर्न पाउनुका साथै मताधिकार बन्न सक्छन् । तथापि जापानमा वालिगको उमेर २० वर्षबाट घटाएर १८ वर्षमा झारिने भएको छ ।

जापानमा २० वर्ष पुगेपछि आफ्ना बाबुआमाबाट अलग्गिर छुट्टै बस्ने चलन छ । आफ्ना छोराछोरी आत्मनिर्भर बनून् भन्ने उद्देश्यले बाबुआमाले उनीहरूलाई स्वतन्त्ररूपमा जीवनयापन गर्न दिईने सँस्कार छ ।

यामानोते रेलसेवा स्वचालित बनाईंदै

❑ नेस संवाददाता

टोकियो – जापानले ड्राइभर विनाको स्वचालित रेल सञ्चालनमा ल्याउने तैयारी गरिरहेको छ । राजधानी टोकियोको केन्द्रभागमा चल्ने सर्बाधिक यात्रुहरूलाई सेवा पुऱ्याउँदै आएको यामानोते लाइनले अघिल्लो सोमवार यसको सफल परीक्षण गरेको छ । उसो त यस्ता स्वचालित रेल सेवा केही मोनो रेल लाईनहरूमा पहिलेदेखि नै सञ्चालनमा छन्, तर जसको लिग भने जमिनभन्दा माथि रहेका छन् ।

पूर्वी जापान रेलवे कम्पनीले यामानोते लाइनमा गरेको परीक्षणमा ३४ दशमलव ५ किलोमीटर दूरी रहेको यामानोते लाइनमा सफलतापूर्वक २ चक्कर लगाएको थियो । अपरान्ह २ बजेतिर ओसाकी स्टेशनबाट सुरु गरिएको उक्त परीक्षणको पहिलो राउण्डमा नियमित समयतालिका अनुसार गन्तब्यमा पुगेको थियो भने दोस्रो राउण्डमा निर्धारित समयतालिका भन्दा १० सेकेण्ड छिटो गन्तब्यमा पुगेको बताईएको छ ।

'प्रारम्भमै हामीले सफल परीक्षण गरेका छौं, यसको परिणाम बारे प्राविधिकरूपले अध्ययन र विश्लेषण गरी आवश्यक सुधारसहित केही हप्तामै हामी अर्को परीक्षण गर्ने छौं' – पूर्वी जापान रेल वे कम्पनीका कार्यकारी प्रमुख युईचिरो तोकुनागाले भने ।

यसैबीच सेन्ट्रल जापान रेलवे कम्पनीले राजधानी टोकियो र नागोया सहरलाई जोड्ने तिब्र गतिका स्वचालित रेल सेवा सन् २०२७ सम्ममा सञ्चालनमा ल्याउने लक्ष लिएको छ भने क्युशु रेलवे कम्पनीले सन् २०२० को मार्च सम्ममा परीक्षण नै गर्ने योजना अगाडि सारेको छ ।

गाडी चाहिएमा
सेवामा हाजिर छौं
For Moving & Shifting
कोठा सर्नु परेमा, अरु कुनै सामान सार्नुपरेमा, समूहमा वा स-परिवार कतै घुम्न जानको लागि गाडि चाहिएमा हामीलाई सम्झनुहोस् । सुपथ मूल्यमा सेवा उपलब्ध छ ।

नेपाली तथा इण्डियन रेष्टुरेन्टमा आवश्यक पर्ने खण्डे थाल, कटौरा, म:म: पकाउने भाडो, प्रेसरकुकर, करुवा लगायतका भाँडाकुडा पनि उपलब्ध छ ।
Asia Hunter
Masaki Kobayashi
Tel: 03-3641-7087
Mob: 090-9304-2626
Email : master@asiahunter.com
Asia Moving
www.asiahunter.com

कोबायासी भिषा सर्भिस
सस्तो, सुलभ र छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।
सेवाहरू (Services)
नेपाली, अंग्रेजी, हिन्दी र जापानी भाषामा कुरा गर्न सकिने ।
■ भिषा नवीकरण लाग्ने खर्च:9,800 येन
■ स्थायी भिषा (एईज्यु) लाग्ने खर्च:50,000 येन
■ भिषाको प्रकृति परिवर्तन लाग्ने खर्च:35,000 येन
■ कम्पनी स्थापना लाग्ने खर्च: आपसी सहमतिमा तय गरिने
■ नयाँ भिषा सम्बन्धि काम कुक:50,000 येन डिपेन्डेण्ट:35,000 येन

हिरोनारी कोबायासी
TOKYO TAIAN GYOUSEISYOSHI OFFICE
Tel: 03-6279-3353 Fax: 03-6908-5805 Mobile: 080-4186-2102
E-mail: tokyovisa409@gmail.com URL: http://www.tokyotaian.com
Shinokubo Lions Mansion 409, 2-4-5, Hyakunincho, Shinjuku, Tokyo, Japan

नेपाल-जापानबीच अब सिधै हवाई उडान



❑ नेस संवाददाता

काठमाडौं - नेपाल-जापानबीच सिधा हवाई उडानसहित विविध सम्झौता भएको छ । द्विपक्षिय परामर्श संयन्त्र र नेपाली कामदार जापान लाने 'मोडालिटी' तय गर्न दुवै मुलुक सहमत भएका छन् । सन् १९९३ मा भएको हवाई सम्झौता पुनरावलोकन गर्नेबारे दुवै मुलुकबीच गत बुधवार सम्झौता भएको छ ।

परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र उहाँका जापानी समकक्षी तारो कोनो संलग्न द्विपक्षिय भेटवार्तामा पुरानो हवाई सेवा पुनरावलोकन गर्दै जतिसक्दो छिटो सिधा हवाई सेवा शुरू गर्ने सहमति भएको हो ।

सिधा हवाई सुचारू गर्न गत असार ४ गते दुवै मुलुकवीच सम्झौता भए पनि सो सम्झौतालाई अहिले कूटनीतिक तवरमा औपचारिकता दिइएको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ ।

आगामी महिनादेखि हवाई सेवा आरम्भ गर्न जापान सकारात्मक रहेको बताउँदै छलफलमा सहभागी परराष्ट्र मन्त्रालयका एक अधिकारीले भने- 'संभवतः फेब्रुअरीदेखि नै हवाई सेवा शुरू हुन्छ ।'

यससँगै बुधवार परराष्ट्र सचिवस्तरिय द्विपक्षिय परामर्श संयन्त्र स्थापना भएको छ । जापानी सहयोगमा नेपालमा निर्माण हुने, निर्माणाधिन परियोजनाको अनुगमन र सहजीकरण गर्न संयन्त्रले सघाउ पुऱ्याउने बताईएको छ । द्विपक्षिय सम्बन्धका सबै पक्षको समिक्षा गर्न र सहयोगका नयाँ क्षेत्र पहिचान गर्दै साझा चासोका क्षेत्रिय एवं अन्तर्राष्ट्रिय विषयमा विचार आदान-प्रदान गर्न संयन्त्रको भूमिका महत्वपूर्ण हुने परराष्ट्रमन्त्री ज्ञवालीले बताउनुभयो ।

'हवाई, पूर्वाधार, कनेक्टीभिटी, उर्जा र नेपालको प्राथमिकताका क्षेत्रमा जापानी लगानी बढाउनेबारे छलफल गरेका छौ, बैठकबारे जानकारी दिदै उहाँले भन्नुभयो-'आगामी मार्चमा हुने लगानी सम्मेलनमा जापानी लगानीकर्ता र उद्यमीको सहभागिताबारे छलफल हुनेछ ।' सो बैठकपछि बोल्दै जापानी विदेशमन्त्री कोनोले परराष्ट्रमन्त्री स्तरमा महत्वपूर्ण छलफल र सम्झौता भएको जानकारी दिनुभयो ।

'विदेशमन्त्री स्तरमा हवाई उडान सहित धेरै महत्वपूर्ण छलफल भएका छन, प्रत्यक्ष उडान चाँडो भन्दा चाँडो सुचारू होस'- उहाँले भन्नुभयो ।

नेपाली कामदार जापान पठाउने मोडालिटी छिटै तय गर्न दुवै मुलुक सहमत भएका छन् । जापानले नेपालीसहित अन्य विदेशी कामदार भित्र्याउन गत पुस १० गते नयाँ नियमावली पास गरेको थियो । सोहीअनुसार जापानी विदेशमन्त्री कोनो नेतृत्वको टोली कामदार लाने विस्तृत प्रक्रियाको छलफलमा जुट्न नेपाल आएको हो ।

जापानले नेपालसहित चीन, इन्डोनेसिया, मंगोलिया, म्यानमार, थाइल्यान्ड, फिलिपिन्स र भियतनामबाट कामदार लाने निर्णय गरेको छ ।

द्विपक्षिय छलफलमा परराष्ट्र, शिक्षा, श्रम, भौतिक, उद्योग, सञ्चार मन्त्रालयका सचिवसहित राष्ट्रिय पुनः निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत शुशिल ज्ञवाली लगायतका अधिकारी पनि सहभागी हुनुहुन्थ्यो ।

माघे संक्रान्ति मनाईयो

❑ नेस संवाददाता

टोकियो - आईतवार टोकियोमा विविध कार्यक्रमसहित मगर समुदायको प्रमुख पर्व माघे संक्रान्ति मनाईएको छ ।

नेपाल मगर संघ जापानले आयोजना गरेको सो कार्यक्रममा मगर चेलीहरूलाई सम्मान गर्नुका साथै मह, खीर र फलफूल लगायतका बिभिन्न परिकार खुवाई टिका लगाएर पुजिएको थियो । मगर संघका अध्यक्ष नविन थापा मगरको सभापतित्वमा भएको सो कार्यक्रममा आदिवासी जनजाति महासंघ जापानका उपाध्यक्ष तथा संघीय समाज जापानका अध्यक्ष पेम्बा शेर्पाको प्रमुख आतिथ्यता रहेको थियो ।

सो कार्यक्रममा संघका पूर्व अध्यक्षहरू गमप्रसाद जुग्जाली, थानु राना लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले माघे संक्रान्तिको उपलक्ष्यमा शुभकामना मन्तब्य दिएका थिए । संस्थाका सचिव सागर पुन मगरको सञ्चालन रहेको सो कार्यक्रममा मनोरञ्जनात्मक विविध साँगीतिक प्रस्तुतीहरूमा सहभागी झुमेका थिए ।

विदेशमा एक वर्षमा ८ सय ७८ श्रमिकको मृत्य

❑ नेस संवाददाता

काठमाडौं – वैदेशिक रोजगारीमा गएका नेपालीको मृत्युदर पछिल्ला दिन भयावह देखिएको छ । अस्वस्थ खानपिन, दुर्घटना र अनुपयुक्त बसाई मृत्युको प्रमुख कारण मानिएका छन् । पेसागत र पारिवारिक तनावले आत्महत्या दर पनि बढेको छ । एक वर्षयता मात्र ८ सय ७८ जनाको मृत्यु भएको छ । यिनमा ३५ जना महिला छन् ।

परराष्ट्र स्रोतका अनुसार सबभन्दा बढी मलेसियामा ३ सय २२, साउदी अरबमा २ सय ८, कतारमा १ सय ४१, यूएईमा १ सय ३, कुवेतमा ४८, दक्षिण कोरियामा २६, ओमनमा ११, बहराइनमा १०, जोर्डनमा ४, इजरायलमा ३, युगान्डा र नाइजेरियामा एक, एक नेपालीको ज्यान गएको छ ।

श्रमिकलाई पर्याप्त अभिमुखीकरण तालिम नहुँदा कम उमेरमै मृत्युको सिकार हुनुपरेको साउदी अरबका लागि नेपाली राजदूत महेन्द्रसिंह राजपुतले बताउनुभयो । कार्यक्षेत्रबाहिर बढ्दो उल्लिखित तथ्यांकमध्ये झण्डै ७ दशमलव ७४ प्रतिशत अर्थात् ६८ जनाको मात्रै कार्यक्षेत्रमा मृत्यु भएको हो ।

कुन देशमा कति ?

मलेसिया	३२२
साउदी अरब	२०८
कतार	१४१
यूएई	१०३
कुवेत	४८
ओमन	११
बहराइन	१०
अन्य	९
कुल	८७८

गन्तव्य देशका सरकारले कार्यक्षेत्रको दुर्घटना दर नियन्त्रण गरेकाले त्यहाँको मृत्युदर कम देखिएको राजदूतहरूको बुझाई छ । दूतावासहरूका अनुसार श्रमिकको आत्महत्या दर डरलाग्दो रूपमा बढिरहेको छ । कार्यस्थलमा रोजगारदाताले गर्ने दुर्व्यवहार र पारिवारिक मनमुटाव यसको मूल कारण औंल्याइएको छ । एक वर्षमा १५ दशमलव २६ प्रतिशत अर्थात् १ सय ३४ श्रमिकले आत्महत्या गरेका छन् ।

कोरिया छाडेर खोरियामा रमाउँदै

❑ नेस संवाददाता

बागलुङ - पाँच वर्ष पहिला कोरिया पुग्नुभएका बागलुङको कुश्मीशेराका भीमप्रसाद आचार्यले मनग्य आम्दानी गर्ने र सुखसँग दिन काट्ने सपना देख्नुभएको थियो ।

काठमाडौंमा बसेर लामो समयको मेहनतपछि भाषा परीक्षापास गरेर उहाँ कोरिया पुग्नुभयो । विदेशमा कमाई गर्न सहज छैन भन्ने थाहा पाएपछि आचार्य दुई वर्षपछि घर फर्किनुभयो ।

कोरियामा भन्दा आफ्नै माटोमा मेहनत गर्ने योजनासहित आचार्य गाउँ फर्किनुभयो । उहाँले खोरिया खनेर कोरियाको कमाई गर्ने अभियान थाल्नुभयो ।

आधुनिक खोर बनाएर बाख्रापालन गर्दै आउनुभएका आचार्यसँग २८ स्थानीय खरी जातका बाख्रा छन् । उहाँले १० बाख्राबाट बाख्रापालन थाल्नुभएको हो ।

व्यावसायिक रूपमा बाख्रापालन गर्दै आउनुभएका आचार्यले खोर बनाउँदा र बाख्रा किन्दा झण्डै तीन लाख रूपैयाँ खर्चिनुभएको थियो । 'नागढुङ्गा बाख्रा फार्म' का सञ्चालक उहाँले कुखुरापालनसँगै तरकारीखेती गर्दै आउनुभएको छ ।

'बाख्राको मल हालेर तरकारीखेती गरिरहेको छु', उहाँले भन्नुभयो । ब्रोइलर कुखुराको अण्डा आचार्यले स्थानीय बजारमा बिक्री गरेर पर्याप्त आम्दानी गर्दै आउनुभएको छ । 'महिनैपिच्छे आम्दानी हुने भएपछि कुखरापालन र तरकारीखेतीसमेत गरिरहेको छु', उहाँले भन्नुभयो ।

अहिले आचार्यको खोरमा रहेका बाख्रा र कुखुराले उहाँलाई कोरियाको झल्को मेटाएको छ । महिनामा खर्च कटाएर ३० हजार रूपैयाँ आम्दानी हुन्छ ।

उहाँको काममा श्रीमती हेमाले सहयोग गर्दै आउनुभएको छ । आचार्यले आधुनिक मिनीटेलर हलोको प्रयोग गरी खेती गर्नुहुन्छ । पाँच मुरी कोदो फल्ने बारीमा केराका बिरूवा हुर्किदैं छन् ।

लगानी गरेर तत्काल फाईदा खोज्ने प्रवृत्तिका कारण नेपालमा मेहनत गर्नेको संख्यामा कमी आएको उहाँ बताउनुहुन्छ । समयअनुसारको आयमूलक खेती गर्न आचार्यले सुझाव दिनुभयो ।

कोठा भाडामा

टोकियो ईकेबुकुरोदेखि तोबु तोज्यो १० मिनेट, फुकुतोसिन तथा यूराकुच्यो लाईनदेखि १५ मिनेट नारिमासमा विद्यार्थी तथा परिवारसँग बस्नको लागि सस्तो कोठाहरु उपलब्ध छ ।

- स्टेशनदेखि जम्मा ३ मिनेट
- ग्यारेन्टरको आवश्यकता नपर्ने
- तत्कालै सर्न सकिने

इकेबुकुरो नजिकै कोठाको कोउजी गर्नुपर्ने भएकोले कोउजी गर्न सक्ने व्यक्ति तथा कम्पनीले सम्पर्क गर्नुहोस् ।

090-9405-5636

विदेशीमाथि कडा निगरानी राखिने

❑ नेस संवाददाता

काठमाडौं - सरकारले विदेशी नागरिकमाथि कडा निगरानी राख्ने भएको छ । नेपाल आएका विदेशी नागरिकले खुलेआम यौनजन्य गतिविधि गरिरहेको समाचार बाहिर आएपछि अध्यागमन विभागले उनीहरूको नेपाल बसाईमाथि कडा निगरानी राख्ने योजना अघि सारेको हो ।

बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गरी विभागका महानिर्देशक इश्वरराज पौडेलले विदेशी नागरिहरूका अवाञ्छित गतिविधि नियन्त्रण गर्न उनीहरू बस्ने होटलमा समेत कडा निगरानी राख्न लागिएको जानकारी दिनुभयो ।

विभागले अवाञ्छित गतिविधिमा संलग्न ११ जना नागरिकलाई हिरासतमा राखेर अनुसन्धान गरिरहेको पनि जनाएको छ । महानिर्देशक पौडेलले ६ महिनायता नेपालमा चेलिबेटी बेचबिखन घटेको पनि जानकारी दिनुभयो ।

पौडेलले मानव तस्करी हुन नदिन नेपाल प्रहरीले छुट्टै ब्यूरो स्थापना गर्न लागेको उल्लेख गर्दै त्यससँग सहकार्य गरेर विभागले मानव तस्करी नियन्त्रणको कामलाई अझ प्रभावकारी बनाउने पनि बताउनुभयो । विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिको कामलाई तीव्रता दिइएको पनि जनाएको छ ।

यहाँहरूको स्वागतमा ओकुबोमा अमरदीप

पारिवारिक वातावरणमा स्वादिष्ट भोजन सहित भेटघाट, बैठक, जन्मदिन, पास्नी, बिदाई जस्ता कार्यक्रम गर्नुपरेमा वा आतिथ्य सत्कार सहित आफ्ना छोरीज्वाँई, चेलीबेटी लगायतका पाहुना खुवाउन परेमा हामीलाई सम्झनुहोला । १०, १२ जनाको मिटीङ गर्न मिल्ने छुट्टै मिनीरुमको पनि ब्यवस्था छ । यहाँहरुको बसाई र भेटघाटलाई अविस्मरणीय बनाउन अर्डर अनुसारको खाना तयार गरिन्छ । एक पटक सेवा गर्ने मौका अवश्य दिनुहोला । बुक गरिएको पार्टीका लागि नाँचगानको व्यवस्था पनि छ ।

राम्रो भोजनले सामिप्यता बढाउँछ

AMARDEEP

TEL 03-3362-9772
Mob 080-5918-4360

INDIAN NEPALI RESTAURANT
AMARDEEP
2 Min. Walk from JR Okubo Station (South Exit)
1-24-9 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hours 11:00~24:00

OGAWA JIMUSYO

Visit Our Website

भिसा सम्बन्धि सम्पूर्ण काम

जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने,कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ । सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा हाम्रा विशेषता हुन ।

सम्पर्क

おがわ事務所
(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073

We Accept Payment Through

एउटै माछाको मूल्य ३३ करोड येन

❑ नेस संवाददाता

टोकियो – जापानको माछा मार्केटमा एउटै माछाको ३३ करोड ३६ लाख येनमा खरिद विक्रि भई नयाँ रेकर्ड कायम भएको छ ।

विश्वप्रसिद्ध माछा बजार चुकुजीबाट गत अक्टुबरमा सरेको तोयोसु फिश मार्केटमा शनिवार बिहानै एउटै माछाको उक्त मूल्यमा खरिद विक्रि भएको हो । नयाँ वर्षको अवसरमा हरेक वर्ष माछा मेला प्रदर्शनी हुने गर्दछ । सो अवसरमा २ सय ७८ किलो वजन भएको मागुरो जातको उक्त माछा सुशी ब्यापारी कियोशी किमुराले लिलाम बढाबढमा किनेका हुन् ।

लिलाम बढाबढ्मा मागुरो खरिदपछि किमुराले भने – मैलै असल मागुरो किनेको छु, सोचेको भन्दा महंगो पर्न गएपनि मेरा ग्राहकले यो असल मागुरो अवश्य मन पराउने छन् ।

सन् १९३५ देखि होलसेल तथा फुटकर माछा बजारकारूपमा विश्वप्रसिद्ध परिचय बनाईसकेको चुकुजीको माछा बजार ८३ वर्षपछि गत अक्टुवरमा तोयोसुमा सारिएको थियो ।

नयाँ ठाउँमा सरेको पहिलो नयाँवर्षमै नयाँ रेकर्ड राख्न सफल भएकोमा उक्त माछा बजारका कार्यकारी प्रमुख योसिहिको ओताकीले खुशी ब्यक्त गरे ।

टोकियो महानगर पालिकाकी गभर्नर युरिको कोइकेले नयाँ ठाउँमा स्थानान्तरण गरिएको माछा बजारबाट विगतमाझै अब पनि जापानी जनताले अधिक सेवा लिन सक्नेमा आफु विश्वस्त भएको बताईन् । स्थानीय जनता र सरकारी निकायबीचको विवाद तथा लामो रस्साकस्सीका बाबजुद चुकुजीबाट तोयोसीमा माछा बजार स्थानान्तरण गरिएको थियो ।

क्योदो न्यूजकाअनुसार चुकुजी माछा बजारमा सेवाग्राहीको बढ्दो चापअनुसार आवश्यक ब्यवस्थापकीय सुधार गर्न समस्या देखिएकोले अन्यत्र सार्नुपरेको अधिकारीहरूले बताउँदै आईरहेका छन् । पुरानो बस्ती भएकोले चुकुजीमा आधुनिकीकरण एवं बिस्तार गर्न स्थानको अभाव, अग्निनियन्त्रण, हाइजिन लगायतका दृष्टिले थप सेवा, सुविधा बढाउन नसकिने भएकोले स्थानीय सरकारको पहलमा त्यहाँको माछा बजार तोयोसुमा सारिएको हो । तोयोसुको माछा बजार चुकुजीको भन्दा दोब्बर फराकिलो, आधुनिकीकरण एवं सुविधाजनक भएको अधिकारीहरूको दावी छ ।

आबुधाबीमा १ सय ५० जना नेपाली अलपत्र

❑ नेस संवाददाता

युएई – यूएईको आबुधाबीमा १ सय ५० जना नेपाली अलपत्र परेका छन् । आबुधाबीको अल वासिता क्याटरिङ एमिरेट्स कम्पनीमा कार्यरत उनीहरू अलपत्र परेका हुन् ।

कम्पनीका सञ्चालक जोर्डनका नागरिक युएई छोडेर भागेको र कम्पनीको व्यवस्थापकका लापरवाहीका कारण कम्पनीका झण्डै ७ सय जना कामदार अलपत्र परेका हुन् । तीमध्ये डेढ सयजना नेपाली छन् ।

राजधानी आबुधाबीदेखि झण्डै २८ किलोमिटर टाढा रहेको मुसाफा ४० नम्बर मजदुर क्याम्पमा उनीहरू अहिले अलपत्र अवस्थामा छन् ।

कम्पनीमा कार्यरत नेपालसहित भारत, बंगलादेश, पाकिस्तान श्रीलंकालगायत देशका झण्डै ७ सय जना कामदार अहिले समस्यामा परेका हुन् ।

कम्पनीमा १८ महिनादेखि झण्डै ५ वर्षसम्म काम गरेका उनीहरूमध्ये धेरैले गएको ९ महिनादेखि तलब पाएका छैनन् ।

अलपत्रमध्ये ६४ जना १८ महिना पहिले युएई आएका वीरगञ्जका मकुन पट्टेलले बताउनुभयो । १८ महिना पहिले आएकाहरूले पनि ९ महिनादेखि तलब पाएका छैनन् ।

९ महिनादेखि तलब नपाएका २५ जनाले यहाँको श्रम अदालतमा मुद्दा दर्ता गरेका छन् । तीमध्ये ३ जनाले पासपोर्ट पाए पनि भिसा सकिएर (ओभर स्टे) बसेबापतको जरिवाना तिर्न नसक्दा नेपाल फर्किन पाएका छैनन् ।

उत्तर प्रदेशका मुख्यमन्त्री योगीको स्वागतमा ७३ लाख खर्च

❑ नेस संवाददाता

धनुषा – जनकपुरमा उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगीको स्वागत सत्कारमा प्रदेश २ सरकारले ७३ लाख रूपैयाँ खर्च गरेको विवरण सार्वजनिक गरेको छ । गएको मंसिर २६ गते सीताराम विवाहपञ्चमी महोत्सवमा जन्तीको नेतृत्व गर्दै सहभागी हुन आएका मुख्यमन्त्री योगीको प्रदेश २ सरकार मधेश भवनमा स्वागत सत्कार गरेका थियो ।

उहाँलाई मधेश भवनमा अभिनन्दनसहित ५६ व्यञ्जन भोजनले स्वागत गरिएको थियो । योगीको स्वागतमा अयोध्याबाट आएका साधुसन्तलगायत अभिन्नदन कार्यक्रममा सहभागी अतिथिगणको लागि १ हजार १ मुर्तेलाई ५६ व्यञ्जन भोजन (भण्डारा) खुवाईएको थियो ।

योगीको स्वागत सत्कार र दिवाभोजमा प्रदेश २ सरकारको ७३ लाख ८ हजार १ सय ४५ रूपैयाँ खर्च भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

योमिउरीका प्रधानसम्पादक वातानावेको स्वास्थ्यमा सुधार

❑ नेस संवाददाता

टोकियो – जापानको प्रतिष्ठित दैनिक पत्रिका योमिउरी शिम्बुनका प्रधानसम्पादक चुनेओ वातानावेको स्वास्थ्यमा सुधार आएको छ ।

९२ वर्षिय वातानावे गत मध्य अगस्तमा घरमै लडेर गम्भीर घाईते भएका थिए । घाँटीमा चोट लागेकोले उनी अस्पतालमा उपचाररत रहेको जनाईएको छ । उनको स्वास्थ्यमा क्रमिक सुधार भईरहेको र अहिले पत्रपत्रिका पढ्न सक्ने र आफ्नो आंशिक जिम्मेवारी हेर्न सक्ने भएको जनाईएको छ ।

कम्पनीद्वारा जारी विज्ञप्तीमा उनको स्वास्थ्यमा धेरै सुधार आएको बताईएको छ । घटनामा भाग्यवश उनको मेरूदण्ड क्षती हुनबाट बचेको जनाईएको छ ।

लामो समयदेखि उनी दैनिक पत्रिकाका लागि राजनैतिक विट् हेर्दै आएका अनुभवी पत्रकार भएका कारण जापानका प्रभावशाली राजनीतिज्ञहरूसंग उनको राम्रो पहुँच रहेको बताईन्छ ।

यामानोते लाइनमा थपियो नयाँ स्टेशन

❑ नेस संवाददाता

टोकियो – टोकियोको केन्द्रभागमा फन्को मार्ने यामानोते लाइनमा एउटा नयाँ स्टेशन थपिने भएको छ । थपिने स्टेशनको नाम 'ताकानावा गेट वे' हुने भएको छ ।

सन् २०२० देखि खुल्ला गर्ने गरी नयाँ स्टेशन निर्माणको काम तिब्ररूपमा भईरहेको जेआर पूर्वी रेल वे कम्पनीले जनाएको छ ।

शिनागावा र तामाचीको बिचमा नयाँ स्टेशन थप गरिन लागेको हो । गत वर्षको फेब्रुअरीदेखि नयाँ स्टेशन खोल्ने काम भईरहेको जनाईएको छ । हाल रहेको २९ स्टेशनमा थप गरी अब ३० स्टेशन हुने भएको छ । यसअघि सन् १९७१ मा निशीनिप्पोरी स्टेशन पनि पछि थपिएको थियो । नयाँ स्टेशन निर्माणको काम आर्किटेक्ट इञ्जिनियर केन्गो कुमाको डिजाइनमा भईरहेको छ । सन् २०२० मा हुने टोकियो ओलम्पिक र प्यारा ओलम्पिकका लागि राष्ट्रिय स्टेडियम पनि उनकै डिजाइन र नेतृत्वमा काम भईरहेको जनाईएको छ ।

सर्बसाधारणबाट प्राप्त सुझावको आधारमा नयाँ थपिने स्टेशनको नाम जुराईएको जेआर हिगासी निहोनले जनाएको छ । जसअनुसार 'ताकानावा गेट वे' राखिने भएको हो । हानेदा विमानस्थलबाट नजिकै पर्ने उक्त नयाँ स्टेशन हरेक दृष्टिले प्रमुख ब्यापारिक केन्द्र बन्नुका साथै 'पर्यटकीय हब' हुने अपेक्षा गरिएको छ । उक्त नयाँ स्टेशन ओलम्पिकको पूर्व सन्ध्यामा अर्थात सन् २०२० को बसन्त ऋतुसम्ममा आंशिकरूपमा सञ्चालनमा ल्याईने योजना रहेको छ भने सन् २०२४ देखि पूर्णरूपमा सञ्चालनमा ल्याईने भएको छ ।

यो वर्षको आईपीएल भारतमै हुने पक्का

❑ नेस संवाददाता

काठमाडौं – यस वर्षको इन्डियन प्रिमियर लिग (आईपीएल) भारतमै हुने पक्का भएको छ ।

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) का अनुसार आईपीएल मार्च २३ देखि सुरू हुने सम्भावना रहेको छ ।

यसअघि आउँदो लोकसभा चुनावका कारण यो संस्करणको आईपीएल भारतबाहिर हुने बताइएको थियो । तर मंगलबार बीसीसीआईले यस वर्षको आईपीएल भारतमै हुने जानकारी दिएको छ ।

यसभन्दा पहिले भारतमा आम चुनाव भएकै कारण दुई पटक आईपीएल भारतबाहिर आयोजना गरिएको थियो । सन् २००९ मा दक्षिण अफ्रिका र सन् २०१४ मा युएईमा आईपीएल आयोजना गरिएको थियो ।

आईपीएल २०१९ का खेलको पूरा विवरण भने सार्वजनिक भैसकेको छैन । सामान्यतया आईपीएल अप्रिलको पहिलो हप्ताबाट सुरू भएर मेको अन्तिम हप्तामा सकिन्थ्यो ।

तर यस वर्ष मे ३० तारिखदेखि जुलाई ४ तारिखसम्म इंग्ल्याण्डमा विश्व कप क्रिकेट आयोजना हुने भएकाले पनि आईपीएल अलि अगाडि सरेको हो ।

जापान सरकारले यात्रु प्रस्थान शुल्क लगायो

❑ नेस संवाददाता

टोकियो – जापान सरकारले अब जापानबाट बाहिर प्रस्थान गर्ने हरेक यात्रुबाट १ हजार येन डिपार्चर ट्याक्स लिन सुरू गरेको छ ।

हवाईमार्ग तथा जलमार्ग भएर जापानबाट बाहिरिने हरेक यात्रुले अब १ हजार येन प्रस्थान शुल्क तिर्नुपर्ने भएको छ ।

जापानी सञ्चार माध्यमहरूले जनाएअनुसार सो सम्बन्धि नीति जापानको ब्यवस्थापिका संसदले गत अप्रिलमा पारित गरेको हो ।

२ वर्ष भन्दामुनि र ट्रान्जिट यात्रुलाई भने सो शुल्क लाग्ने छैन ।

यसरी उठाईएको रकम सन् २०२० मा हुने ओलम्पिक र प्यारा ओम्पिकमा जापान आउने पर्यटकहरूका सेवा, सुविधा बढाउन र सुधार ल्याउनमा तथा अन्य भौतिक संरचना बढाउनमा खर्च गरिने भएको छ ।

उक्त नियम यही जनवरी ७ तारिख सोमवारदेखि लागू गरिएको हो ।

सन् २०२० मा करीव ४ करोड पर्यटक जापान आउने जापान सरकारले अपेक्षा गरेको छ ।

डकुमेन्ट ट्रान्सलेट गर्नुपर्ने छ ?
चिन्ता नलिनुस्, हामी छँदैछौं नि !
Nepali ↔ Japanese ↔ English ↔ Hindi
नेपाली, जापानीज, अंग्रेजी, हिन्दी भाषामा रहेका जुनसुकै किसिमका कागजातहरु माथिका ४ भाषामा ट्रान्सलेट गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

ネパール語と日本語を学びましょう–189
(नेपाली र जापानी भाषा सिकौं)

जापानी शब्द	जापानी उच्चारण	अंग्रेजी/नेपाली	नेपाली उच्चारण
逮捕 (たいほ)	ताइहो	Arrest पक्रउ	パカラウ
大砲 (たいほう)	तबइहोओउ	Canno तोप	トプ
大麻 (たいま)	ताइमा	Hemp गाँजा	ガザ
太陽 (たいよう)	ताइयोउ	Sun सूर्य	スリャ
耐える (た)	ताएरू	Enclure टिक्नु	テカヌ
倒れる (たお)	ताओरेरु	Fall Down ढल्नु	ダルヌ
高い (たか)	ताखाइ	Tall उच्च	ウッチャ
互いに (たが)	तागाइनि	Mutually परस्पर	パロスパル
耕す (たがや)	तगायासु	Cultivate जोत्नु	ゾタヌ
だから	दाकारा	Therfore त्यसकारण	テスカラン
滝 (たき)	ताकी	Waterfall झरना	ザラナ
宅 (たく)	ताकु	Boil पकाउनु	パカウヌ
種 (たね)	ताने	Seed बीउ	ビョウ

बक्सिङ मार्फत नेपाल चिनाउने अभियानमा म्याक्स बस्नेत



नेपालका राष्ट्रिय बक्सिङ च्याम्पियन म्याक्स बस्नेत अहिले जापानमा छन् । उनी १४ पटकसम्म नेपाल च्याम्पियन हुन सफल खेलाडि हुन् भने ३ पटक सम्म वेष्ट प्लेयर अवार्ड विजेता हुन् । डेढदशक लामो उनको बक्सिङ करिअर भोगेका केही तीता अनुभव उनले यसरी सुनाउँछन् - नेपालमा अझै पनि बक्सिङ खेलाडिलाई गुण्डागर्दी तथा तर्साउने हाउगुजी खेलाडिकोरूपमा हेरिने गरिन्छ । त्यसको असर समग्र खेलजीवनमा परिरहेको हुन्छ । गाउँघरको परिवेशमा खोलाको बगरतिर बालुवासंग कुस्ती खेल्दै परिचय बनाएका बक्सिङ खेलाडिहरूको भविष्य सुरक्षित छैन । तै पनि सुविधा सम्पन्न मुलुकका खेलाडिहरूसंग उनीहरू प्रतिस्पर्धा गर्न सक्षम छन् । राज्यले आवश्यक नीति र कार्ययोजना बनाएर खेलकूदलाई ब्यवस्थित गर्न सके नेपालमा बक्सिङ खेलको भविष्य अत्यन्त राम्रो छ । नेपालको हावापानी शारीरिक सुगठन, परिश्रमी र कडा मिहिनेत गर्ने सहनशील सँस्कारका कारण नेपालीहरू अन्य खेलमा भन्दा बक्सिङमा राम्रो गर्न सक्छन् । राज्यको तर्फबाट यसलाई ब्यवस्थित गर्न जरूरी छ भने जनमानसमा पनि बक्सिङलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जरूरी छ । अन्य सारा अवसरहरू त्यागेर कुनै पनि बेला अंगभंग वा मृत्यू भोग्न तयार भएर अत्यन्त जोखिमयुक्त खेलमा लागेका खेलाडिहरूको मनोवल उच्च बनाउने खालको पहलकदमी कहींकतैबाट भएको पाईदैन । आफ्नै बरबुताले लामो संघर्ष पछि तयार हुने खेलाडिहरूलाई राज्यले सहि मानेमा हेर्न र चिन्न सकेको छैन । बक्सिङ खेलको माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन सकिन्छ, पर्यटनसंग जोडेर राष्ट्रको अर्थतन्त्र प्रवर्धन गर्न सकिन्छ ।

खास नाम मनोहर भएपनि म्याक्स उनको खेलकूद नाम हो । पिता भुवनबहादुर बस्नेत र माता गौरी बस्नेतको कोखबाट ललितपुरको विष्णुडोल लुभुमा जन्मेका बस्नेत हाइस्कुल जीवनदेखि नै बक्सिङप्रति आकर्षित भएका हुन् । उसो त भलिवल, फूटवल र नाचगानमा पनि उनको उतिकै लगाव छ । बक्सिङ जगतसंग नजिक रहेका साथीभाइको संगतका कारण उनी बक्सर बन्ने सपना बुनेको उनले बताए । फाटेको ग्लोव र च्यातिएको जुत्ता लगाएर खोलाको बगरतिर बालुवासंग कुस्ती खेल्दै बक्सिङ सिकेको पुराना दिन सम्झदैं उनले भने - 'नेपालीको घरपरिवार, समाज, राज्य बक्सिङ खेलप्रति अझै सकारात्म बन्न सकेको छैन । बक्सिङ खेलेर के नै हुन्छ र ? भन्ने मानसिकता बोकेको हाम्रो समाजका कारण प्रतिकुल वातावरणमा पनि राम्रो खेलाडि उत्पादन हुनु खुशीको कुरो हो तथापि उनीहरूलाई भविष्यप्रति आश्वस्त हुने र ब्यवसायिकरूपमा आत्मनिर्भर हुने अवस्था भने अझै छैन ।'

उनी आफु प्लान, भिजन र कन्फिडेन्सका साथ लामो संघर्षको बाटो तय गर्दै आजको दिनसम्म आएको उनले बताए । 'म आज जे छु, त्यसैमा खुशी छु, मसंग के छैन भनेर मलाई कुनै चिन्ता छैन, म संग के खुवी छ भनेर त्यसैमा गर्व गर्दै खुशी छु' - उनले भने

'मलाई धन दौलत, यश, आराम, विदेश र विलासितामा कुनै लालसा छैन । नेपालमा बक्सिङ खेललाई स्थापित गराउन पागलसरी एकोहोरिएर लागेको छु, कुनै दिन नेपालका बक्सिङ खेलाडिहरू पनि स्वाभिमानका साथ शिर उच्च पारेर बाँच्ने दिन आउने छ, त्यसैका लागि म निरन्तर लागिरहेको छु, लागिरहने छु । म दावीका साथ भन्छु, त्यो दिन ल्याएरै छोड्ने छु ।'

बस्नेत अर्को महिनामा जापानको योकोहोमामा हुने मुराकामी प्रोफेशनल बक्सिङ प्रतियोगितामा भाग लिन जापान आएका हुन् । आउँदो फेब्रुअरी ३ तारिख आइतवार हुने उक्त प्रतियोगितामा उनी जापानका पूर्व राष्ट्रिय च्याम्पियन इतोसंग भिड्ने भएका छन् ।

विवाहका लागि केटी माग्न जाँदा बक्सिङ खेल्नेले छोरी पाल्न नसक्ने भन्दै फर्काएको दिन देखि उनलाई अझ यही क्षेत्रमा लागेर थप केही गरेर देखाउने भित्रैदेखि अठोट जागेर आएको उनले बताए । हुन त उनले बक्सिङमा लागेर गलत गरेको ठहर गर्दै एकचोटी हरेस खाएर आफुले पाएका दर्जनौ प्रमाणपत्र र पदक खोलामा बगाईदिएका पनि थिए । पछि उनलाई आफैले देखेको सपनाले लखेटेपछि पुनः बक्सिङबाटै देशलाई चिनाउने बाटोमा होमिएको उनी बताउँछन् ।

'हाम्रा ३, ४ वर्षका स-साना नानीबाबुहरू हिन्दी सिरियल हेरेर मनोरञ्जन लिन्छन्, हिन्दी बुझ्ने भएकोमा बाबुआमा मख्ख पर्दछन् । हरेक कुरामा विदेशी प्रभावबाट नेपाली समाज ग्रसित छ । आफ्नै मौलिक

सँस्कार र आफ्नोपनमा रमाउने सँस्कृति हराउँदै गएको छ । विकृत मानसिकताका कारण धमिलिएको सँस्कारलाई सङ्ल्याउन सबैले आ-आफ्नो क्षेत्रबाट इमान्दारिपूर्वक त्याग गर्ने हो भने देश उभों लाग्न बेर लाग्दैन । अनुशासनलाई आदर्श मान्ने खेलजगतबाट नेपाली समाजको रूपान्तरण गर्न अझ सजिलो छ । त्यसका लागि म निरन्तर आफ्नो लक्षतर्फ अगाडि बढिरहेको छु । जापानबाट मैले धेरै सिक्ने अवसर पाएको छु, यसपटकको टूर्नामेन्टमार्फत जापानमा नेपाललाई चिनाउन थप मदत पुग्ने छ' - बस्नेतले भने ।

हरेकका बाबुआमाको जस्तै आफ्ना बाबुआमाको चाहना पनि छोरोले धेरै पढोस्, राम्रो जागीर खाओस्, ब्यवसाय गरोस्, पैसा कमाओस् प्रगति गरोस् भन्ने नै रहेकोले सुरूका दिनमा बाबुआमाले आफुलाई अरूसंग तुलना गर्दै बक्सिङमा लागेर बाटो बिराएकोमा चिन्ता ब्यक्त गर्ने गरेको अनुभव सुनाए । एकपछि अर्को सफलता हासिल गर्दै गएपछि भने अहिले बाबुआमा पनि खुशी नै रहेको बस्नेत बताउँछन् । जिवित भगवानरूपी बाबुआमाको थप खुशीका लागि पनि आफुले बक्सिङमा अरू धेरै गर्न बाँकी रहेको उनले बताए ।

ललितपुरमा उनको आफ्नै अल्टिमेट फिटनेश क्लव छ । फुर्सदमा उनले त्यहाँ किशोर किशोरीहरूलाई बक्सिङ सिकाउँछन् । भविष्यमा उनले बक्सिङलाई माथि ल्याउन र बक्सिङ खेलप्रति नयाँ पुस्ताको आशा जगाउन देशविदेशका अभ्यासहरूको अध्ययन गरी खेलाडिहरूबीच भ्रमण आदानप्रदान गराउने, देशविदेशमा खेल्न र सिक्नका लागि अवसरहरूको खोजी गर्ने उनको योजना छ । बक्सिङ खेलेर जिविकोपार्जन पनि गर्न नसकिने विद्यमान अवस्थाबाट माथि उठाउन उनले हरतरहले प्रयास जारी राख्ने उनको एकसूत्रीय अभियान रहेको उनले बताए । 'यस अभियानमा देशविदेशबाट जे जसरी संभव छ त्यसरी नै सहकार्य र समन्वय गरी सहयोग गर्न सम्बन्धित सबै खेलप्रेमीहरूमा अपिल गर्दछु' - उनले भने ।

प्रस्तुती - तिलक मल्ल

ए हजुर कता ? बाराही हलाल फुड यता !

माछा, मासु, मसला, दाल चामल लगायत अन्य दैनिक उपभोग्य सामानहरु आवश्यक परेमा विगत लामो समयदेखि यहाँहरुकै सेवामा समर्पित बाराही फुड्स एण्ड स्पाइस सेन्टरलाई सम्झनुहोस् ।
होम डेलिभरी (थाक्युबिन) को पनि व्यवस्था छ ।

Barahi Foods & Spice Center
नेपाली पसल (हलाल फुड)
Tel. 090-6094-9954 (Soft Bank), 03-3363-1145, Fax. 03-5386-8797
टोकियो स्थित शिन-ओकुबो स्टेशनबाट ३० सेकेण्ड मात्र

ठाउँ एक, सुविधा अनेक

भिसा फारम
आफन्तलाई जापान घुम्न बोलाउन, आफू तथा आफन्तको भिसा नवीकरण गर्न अमेरिका, बेलायत, अष्ट्रेलिया, क्यानाडा लगायतका देशमा जान भिसा फारम भर्न परेमा ।

ट्रान्सलेट
जापानी, अंग्रेजी, नेपाली भाषाका कागजातहरु ट्रान्सलेट गर्नु परेमा ।

आजै सम्पर्क गर्नुहोस्

मेन्यु चिरासी
रेष्टुरेण्टको मेन्यू, चिरासी, नोवोरी, टिसर्ट तथा भिजिटिङ कार्ड लगायत सम्पूर्ण डिजाइन सम्बन्धी काम गर्नु परेमा ।

भौतारिंनै पर्दैन

GMT International Co. Ltd.
Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314
E-mail: samudraparinews@gmail.com

वालवालिकाको भिसा सम्बन्धी समस्यामा हुनुहुन्छ भने सम्पर्क गर्नुहोस् ।

आफ्ना वालवालिकाहरुसँगै जापानमा बस्न चाहनुहुन्छ भने ...

64,800円~ (नयाँ भिषा: नेपालबाट परिवार बोलाउँदा)
49,680円~ (नेपालबाट १३ वर्ष भन्दा तलका छोराछारी बोलाउन)
* यातायात खर्च, टिकट खर्च, हुलाक खर्च समावेश छैन ।

Administrative Scrivener
Junichiro Honda

Contact
TEL: 048-711-1996, 080-1796-7105
Sky Building 302, 2-5-26, Kamiochiai, Chuo-Ku, Saitama City, Saitama, Japan
From Kitayono Station (JR Saikyo- Line) 5 Min Walk
Facebook Page: https://www.facebook.com/saitama.honda116.visa.station
Facebook QR Code

हाङ्को बनाउनुपर्ने छ?

छिटो, छरितो र सुपथ मूल्यमा हान्को, रबर स्ट्याम्प, भिजिटिङ कार्ड बनाउनुपरेमा हामीलाई सम्झनुहोला । तपाईको आवश्यकताअनुसार अंग्रेजी वा जापानी (काताकाना) मा फटाफट बनाईन्छ ।

मूल्य ¥ 1200 ~

島村印房 SHIMAMURA INTEN
(Only 5 Min. walk From Shin-Okubo Station)
Business Hours 09:00~18:00
Closed on Sunday & Public Holidays
2-18-7 Okubo, Shinjuku-Ku, Tokyo 169-0072
TEL 03-3209-0400

सरकार जस्ट पास, यो गतिले देश उँभो लाग्दैन

»» पृष्ठ १ को बाँकी

सकारको यो १० महिनाको अवधीलाई तपाईले कसरी मूल्याङ्कन गर्नुभएको छ ?

सकारको जो विशाल 'म्याण्डेड' छ र त्यसमा क्षमता छ त्यो क्षमताका आधारमा उसले गर्नुपर्ने कुरा गर्न नसकेको रूपमा लिन्छु म, धेरै कुरा राम्रा भएका छैनन् । चीनसँगको पारवहन र मलेसियासँगको 'जि टु जि' सम्झौता बाहेक सरकारले धेरै काम गर्न सकेन । सिण्डिकेटको कुरा र ठेकेदारहरूमाथिको कारबाही, यी राम्रा थालनी थिए तर निरन्तरता दिईएन । समग्रमा सरकारका गतिविधिहरूलाई केलाउँदै जाने हो भने के गर्‍यो त १० महिनामा भनेर एउटा हातको औंलामा पनि गनेर पुग्ने कामहरू छैन । साधारण सुधारका कुराहरू त जुन सरकारले पनि पर्छ । एउटा राम्रो काम भनेको सामाजिक सुरक्षा कार्यक्रम हो, जसले काम गरीखाने मजदूर वर्गलाई फाईदा गर्छ । अब खाद्यान्नको कुरा गर्ने हो भने ५ महिनामा ६० अर्व बढीका आयात भईसकेको छ । यो सकारले धेरै गर्नसक्थ्यो अब ५ वर्षमा नेपालका सबै बस्तीमा विद्युत पुर्‍याउने भन्ने बाचा छ, पूर्वपश्चिम रेल कुदाउने भन्ने बाचा छ, दुईवर्षमा नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने भन्ने कुरा छ । उहाँहरूको घोषणापत्रमा थुप्रै महत्वाकाँक्षी योजनाहरू छन् तर, त्यो कार्यान्वयनको दिशामा गएको पाइँदैन । त्यसको उल्टो दिशामा गएको पाईन्छ, फजुल खर्च बढेकै छ, यसलाई 'जस्ट पास मार्क' मात्र भन्न सकिन्छ । यही गतिले राष्ट्र उन्नतितर्फ जान मुस्किल छ । त्यसकारण सरकारको क्रियाकलाप र गतिविधि जनताको हकमा अपेक्षित रूपमा सकारात्मक दिशामा अगाडि बढिरहेको भान भईरहेको छैन ।

दुईतिहाई बहुमतको सरकार हुँदा समेत जनताले महसुश गर्ने गरी काम गर्न नसक्नु पछाडिको कारण चाँहि के देख्नु हुन्छ यहाँले ?

काम गर्न नसक्नुका धेरै कारण छन्, पहिलो त प्रधानमन्त्री आफै बिरामी जस्तो हुनुभयो, सोंचको बिरामी ! उहाँको दिमाग सिर्जनशिल उर्जाशिल हुनु जरूरी छ किनभने यो प्रधानमन्त्रीय पद्धती हो । उहाँ नै उर्जाहिन भएपछि बाँकी सबै उर्जाहिन हुन्छ । उहाँमा अहिले जे गरेको छ त्यो नै ठूलो हो भन्ने मानसिकता जागेको छ त्यो बिरामी मानसिकता हो । 'ब्रेक थ्रु' गरेर देशलाई नयाँ भिजन दिनुपर्छ भन्ने सोच प्रधानमन्त्रीमा आफै देखिदैन, उहाँ आफैले जारी गरेको घोषणापत्र-प्रतिवद्धता पत्रप्रति जिम्मेवार नहुनु नै काम गर्न नसक्नुको मुख्य कारण हो । विकास र समृद्धिको लामो यात्राको लक्ष्य हिडेको सरकार आफ्नै हठ र अकर्मण्यताका कारण आरम्भमै रनभुल्ल परेको जस्तो देखियो ।

घोषणापत्र अनुसारका काम भएन भन्न खोज्नुभएको हो ?

अवस्य पनि, घोषणापत्रको आधा काम गरे पनि देशमा धेरै परिवर्तन देखिने थियो तर अहिले त घोषणापत्र नै विर्सिए जस्तो भयो । कृषिमा क्रान्ति गर्ने भनेको छ, कृषिमा बजेट ८१ अर्वबाट ४० अर्बमा झारेको छ । कृषिको बजेट आधा कटौटी गरेर कृषिमा क्रान्ति कसरी हुन्छ ? संघीयता लागू गरेको छ तर, स्थानीय तहलाई जम्मा २९ प्रतिशत बजेट गएको छ, प्रदेश र स्थानीय तह मिलाएर त्यो पनि । ७१ प्रतिशत बजेट केन्द्रमा थुपारेको छ, त्यो त केन्द्रीयताको पनि महाकेन्द्रीयता भयो । अर्को कुरा के छ भने मन्त्रीपरिषदका सदस्यहरूका कार्यदक्षता देखिएन । गोकर्ण विष्टले केहि गर्न खोजिरहेका छन्, पहिले रामबहादुर थापाले गरेको जस्तो देखिन्थ्यो, अहिले त्यो देखिएको छैन । भनेपछि अधिकांश मन्त्रीहरूले आफ्नो मन्त्रालयमा रूपान्तरणको कुरा गरेको देखिदैन । त्यसकारण सरकारले देशलाई गति दिन सकिरहेको छैन र जनतामा झन-झन निराशा बढ्दै गएको मैले देख्छु ।

सत्तारुढ दलका शीर्ष नेता राजाप्रति अलि बढी नै आक्रोसित देखिन्छन्, विशेषगरी प्रचण्डले आक्रोश पोखिराख्नु हुन्छ । के राजाबाट आत्तिहाल्नु पर्ने अवस्था हो अहिले ?

राजाको विषयलाई लिएर सत्तारूढ दलमै किन सन्त्रास जस्तो देखिएको छ, यसबाट म आफै अचम्मित छु । राजाको लोकप्रियता भएकै भए राप्रपाका सिट धेरै आउथ्यो होला, राप्रपा आफै खुम्चिन थालेको देखिन्छ । राजावादीहरू चाहे दरबारमा होस् चाहे दरबार बाहिर होस्, लोकप्रिय भएको देखिदैन । तर हाम्रो नेताहरूलाई चाँहि राजाकै भूतले खाएजस्तो देखिन्छ, त्यो चाँहि आफूले गरेको बेठिकहरूको सजाय जनताले दिन्छन् कि भन्ने आफैभित्रको भूत मात्र हो । आफ्नै कमजोरीले सरकारको विश्वास गुम्दै गएको छ त्यसले नेतृत्वमा संशय पैदा गरेको हो । जनता बहकिने जोखिम त रहन्छ तर तत्कालै राजाबाट त्रसित हुनुपर्ने कारण म चाँहि देख्दिन । ठूलै अस्थिरता आएपछि मात्र पूर्वराजा फर्कन सक्ने जोखिम हुन्छ । आन्तरिक शक्तिले त्यो सम्भव छैन, बाह्य शक्ति लागेमा रोक्न सक्ने सामर्थ दलहरूमा छैन ।

वाइडबडी प्रकरणमा संसदको सार्वजनिक लेखा समितिले छानविन गरिरहेका बेला सरकारले छुट्टै न्यायिक छानविन समिति बनायो । सरकारले संसदीय सर्वोच्चतालाई नै चुनौती दिने काम गर्‍यो भन्ने कुरा पनि आएको छ नि ?

वाइडबडी प्रकरणमा सरकारले एउटा निष्पक्ष छानविन गर्नुपर्ने कुरा हो, हामीले संसदमा पनि यो कुरा उठाएका थियौं जतिबेला म अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा थिए । सिधै एयरबसबाट नकिनेर सेकेण्ड कम्पनीबाट हामीले किन किन्ने भन्ने प्रश्न उठेको थियो, अहिले चाँहि किनिसकेपछि भ्रष्टाचारको कुरा बाहिर आएको छ । देशको सम्पत्तिको दूरूपयोग भएको छ भने त त्यो हुन दिनु हुँदैन, भ्रष्टाचारीलाई कारबाही हुनुपर्छ । न्यायिक छानविन समिति बनाउने कुरा र संसदीय समितिको कुरालाई एउटै मान्नु हुँदैन, यी फरक कुरा हुन् । यसमा मेरो भन्नु के छ भने राज्यको सम्पत्तिको दूरूपयोग हुनुहुँदैन, भ्रष्टाचार भएकै हो भने कानूनी कारबाही हुनुपर्छ ।

देश संघीयताको अभ्यासमा जाँदै गर्दा केहि अलमल देखिनु, प्रदेश र स्थानीय तहका काम भन्दा गुनासा धेरै देखिनुमा के भन्नुहुन्छ ?

देश संघीयतामा गईसकेको छ तर अझै पनि केही दलहरू संघीयतालाई आत्मसात गरेको देखिँदैन । संघीयता नेपालको वास्तविकता हो । संघीयता देशको वर्तमान र भविष्य दूवै हो । संघीयता देशको संविधानमा लिपिबद्ध पनि भईसकेको छ । अब कसैले चाहेर पनि संघीयता मास्न सक्दैन । कानुन निर्माणमा केही ढिलाई हुने, बनेका कानुन पनि कार्यान्वयन नहुनेलगायतका केही पक्षहरू अवश्य छन् । ती अत्यन्तै चिन्ताका विषय हुन् । यसमा थप विलम्ब खतरनाक हुन सक्छ ।

अहिले देशमा दोषारोपण निकै बढेको देखिन्छ, सत्तापक्षले प्रतिपक्षी देख्न नसक्ने, प्रतिपक्षीले सत्तापक्ष, किन होला ?

हाम्रो देशको संस्कार नै यस्तै भईसकेको छ कि कुनै पनि कुरामा एकअर्कालाई देखाएर कामबाट पन्छि हाल्ने । सुरूमा राणालाई दोष दिए । त्यसपछि राजालाई दोष दिए, माओवादीलाई दोष दिए, ठूला दललाई दोष दिए, साना दललाई दोष दिए, हरेकले एक अर्कालाई दोष दिए । सबैले अर्काले काम गर्न दिएन भन्दै हरेक दल, हरेक नेता, हरेक कालखण्डमा पन्छिँदै गए । शासन व्यवस्था आए पनि यहि दोषारोपणको क्रम घुमिरहेको छ । यसकारणले पनि देशले कोल्टो फेर्न नसकेको हो ।

प्रतीपक्षीका कुरा गरौ, प्रतिपक्षीमा काँग्रेस कमजोर भएको हो ?

कमजोर होइन, प्रतिपक्षी नै नरहेको हो नेपालमा त । प्रतिपक्षीले प्रतिपक्षीको धर्म निभाउन सकेन, यति बेला त सरकारका गलत गतिविधिविरूद्ध कडा आवाज उठाउनु पर्ने होइन र ? तर संसदभित्र र बाहिर दुवैतिर प्रतिपक्षी नभएको जस्तो देखिएको छ । यत्रो भूल भईरहेका बेला प्रतिपक्षी पनि खोज्नुपर्ने अवस्था छ, प्रतिपक्षी पनि छ र देशमा भन्ने जस्तो भान भईरहेको छ ।

छायाँ सरकार गठनको प्रक्रियामा छ कांग्रेस, यसबाट केही आशा गर्न सकिने आधार देख्नुहुन्छ ?

छायाँ सरकार भनेको सशक्त प्रतिपक्षीको धारणा त हो त्यो, प्रतिपक्षको भूमिका निभाए त हुन्थ्यो नि त ? जनताको अपेक्षा त त्यही हो तर निभाएको चाँहि पाईदैन । त्यसकारण यो छायाँ सरकारबाट पनि आशा गर्नसक्ने त कुनै छाँटकाँट देखिएको छैन । गरेदेखि हुन्थ्यो भन्ने अपेक्षा चाँहि छ जनताको ।

अन्त्यमा, अब सरकार कसरी अगाडि बढ्नुपर्छ ?

सरकारले आफ्नो घोषणा आफैले पालना गर्नुपर्‍यो, उसले चुनावमा जे कबोल गरेको छ नि त्यसको आधा मात्रै पालना गरेर देखायो भने पनि देशमा ठूलो कायापलट हुन्छ पहिलो कुरा । दोस्रो कुरा–गाउँमा गरीखाने वर्ग–समुदायमा परिवर्तन पुगेन, परिवर्तन सहरमा सम्पन्न वर्गमा मात्र फन्को लगाएर बसिरहेको छ । परिवर्तन त त्यहाँ पुर्‍याउनु पर्थ्यो, जहाँ अहिलेसम्म पुग्दैपुगेन । त्यसकारण परिवर्तन त्यहाँ पुर्‍याउने काम गर्नुपर्छ । सरकारले छवि पनि स्वच्छ हुनुपर्‍यो, भ्रष्टाचारमा शून्य सहनशिलता देखाउनु पर्‍यो । सरकारले घोषणा गरेको प्रतिवद्धता पालना गरेर देखाउने, परिवर्तनको अनुभूति गर्न नपाएका समुदाय, वर्ग, क्षेत्रहरूमा परिवर्तन पुर्‍याउने, आर्थिक क्रान्ति गर्ने, औद्यौगिक, क्रान्ति गर्ने काम गर्नुपर्छ नेपालमा । त्यो हुन सकेको छैन, जनताको चाहना त्यहि हो दुई तिहाईलाई भोट दिनुको पछाडि ।

कामदारहरू चाहियो

टोकियो लगायत जापानको विभिन्न स्थानका विभिन्न कार्यक्षेत्रहरुमा ठूलो संख्यामा कामदारहरुको आवश्यकता परेकोले काम गर्न मिल्ने भिसा भएका ईच्छुक व्यक्तिहरुले तल दिईएको भाइवर वा इमेलमा तुरुन्त नाम दर्ता गराउनुहोला । कामको प्रकृति, काम गर्ने समय, कार्यस्थान, सेवा सुविधा लगायतका आवश्यक थप जानकारी हामी भाइवर म्यासेज वा इमेल मार्फत दिने छौं । तपाईको सीप, दक्षता, अनुभव र अनुकुलताअनुसार सिफ्ट र आकर्षक तलव सुविधा भएको फुलटाइम तथा पार्टटाइम काम उपलब्ध गराउने छौं ।

किचनको काम

स्थान: टोकियोको च्युओ एक्सप्रेसवेमा अवस्थित फुड कोर्ट रेष्टुरेन्ट
एक्सेस : जेआर चुओ लाइन, बस उपलब्ध
काम : किचन हेल्पर, वासिङ, क्लिनिङ
समय : विभिन्न समयका सिफ्ट उपलब्ध
तलव : प्रतिघण्टा ९५० येन (रात्रिकालिन १,२५० येन)
यातायात खर्च : उपलब्ध
खाना : दैनिक २०० येन उपलब्ध

माछा प्रशोधनको काम

स्थान: होन्च्यो फुनाबासी, चिबा
एक्सेस : जेआर सोबु लाइन, फुनाबासी स्टेशनबाट २ मिनेट
काम : माछा प्रसोधन, सुपरमार्केटमा प्याकिङ
समय : विहान ८ बजेदेखि दिउँसो १ बजेसम्म
तलव : प्रतिघण्टा ९०० येन
यातायात खर्च : उपलब्ध

माछा प्रशोधनको काम

स्थान: मिनामी ग्योतोकु, इचिकावा, चिबा
एक्सेस : टोकियो मेट्रो तोजाई लाइन मिनामी ग्योतोकु स्टेशनबाट २ मिनेट
काम : माछा प्रसोधन सुपरमार्केटमा प्याकिङ
समय : विहान ८ बजेदेखि दिउँसो १ बजेसम्म
तलव : प्रतिघण्टा ९५० येन
यातायात खर्च : उपलब्ध

तरकारी प्रसोधनको काम

स्थान: मिनामी ग्योतोकु, इचिकावा, चिबा
एक्सेस : टोकियो मेट्रो तोजाई लाइन मिनामी ग्योतोकु स्टेशनबाट २ मिनेट
काम : तरकारी प्रसोधन सुपरमार्केटमा प्याकिङ
समय : विहान ८ बजेदेखि दिउँसो १ बजेसम्म
तलव : प्रतिघण्टा ९५० येन
यातायात खर्च : उपलब्ध
भाषा : एन ४ लेभल

माथि उल्लेखित बाहेक पनि धेरै स्थानहरुमा काम उपलब्ध छ, कृपया भाइबर वा इमेलमा म्यासेज गर्नुहोस् ।

080-4150-5314 sksgmnj43@gmail.com

SKS Co. Ltd.
(License No: 13-U-307893 & 13-306664)
Ogura Bld., 6 F. 3-16-9 Takadanobaba,
Shinjuku-Ku, Tokyo 171-0033

दुई करोड भ्युअर्सः 'सालको पात टपरी हुने'

❑ नेस संवाददाता

काठमाडौं – लोकदोहोरी गीत 'सालको पातको टपरी हुनी' 'म्युजिक भिडियो' युट्युबमा भ्युअर्स दुई करोड नाघेको छ । गत असोजमा युट्युब च्यानलबाट सार्वजनिक भएको यो गीत दर्शकबीच लोकप्रिय भएर चार महिना नपुग्दै दुई करोड बढी दर्शक पाएको हो । नवराज पन्तको शब्द, वसन्त थापाको संगीत रहेको गीतमा कुलेन्द्र विश्वकर्मा र विष्णु माझीको स्वर छ । यिनै चार सर्जक, कलाकार मिलेर विसं २०६८ मा ल्याएको लोकदोहोरी गीत 'डाँडै फुर्के सल्लो' पनि त्यसताका निकै चर्चित बनेको थियो ।

'सालको पातको टपरी हुनी' छोटो अवधिमा युट्युबमा धेरै हेरिएको लोकदोहोरी गीत हो । युट्युब बाहिर पनि गीतको लोकप्रियता उत्तिकै बढेको छ । रचना, स्वर र संगीत तीनै पक्ष स्रोताले निकै रूचाएका छन् । गीतको राम्रो प्रतिक्रिया आएकोले आफुहरूलाई उत्साहित बनाएको गायक विश्वकर्मा बताउँछन् । गीत राम्रो बनेको लागे पनि यति धेरै चर्चा पाउला भनेर नसोचेको उनको भनाई थियो ।

'भिडियो'मा नायिका मरिष्का पोखरेलसँगै गायक विश्वकर्मा र संगीतकार थापाको अभिनय छ । निर्देशन शिव विकले गरेका थिए ।

हाल अमेरिकामा रहेका गीतकार नवराज पन्तका अनुसार मानवीय प्रेम र सम्बन्धमा आउने उतारचढाव गीतको रचनागर्भ हो । गीतमा प्रेममा सिर्जित अविश्वास र त्यसको भोगाइको कथा छ – पन्तले भने – सबैले शब्दलाई रूचाउनुभएको छ, खुशी छु ।

संगीतकार थापाले आफू बेलायत भ्रमणमा हुँदा नयाँ गीत मागेपछि पन्तले 'सालको पातको टपरी' लेखेका थिए । कम्पनीमा काम गर्दै थिएँ, एक्कासि गीत फुर्‍यो, पन्तले भने, कागजको चिर्कटोमा शब्द उतारे । झ्याउरे लयमा ठेट शब्द र मन छुने स्वरले गीतको लोकप्रियता बढेको हो । अभ्यास डिजिटल म्युजिक प्रालिद्वारा निर्मित गीत 'वसन्त थापा' नामको युट्युब च्यानलबाट सार्वजनिक भएको थियो ।

एक लाख 'सबसक्राइबर' (युट्युब च्यानलको समूह सदस्य) पुगेपछि उक्त च्यानलले 'अवार्ड' समेत पाएको छ । 'युट्युबबाट च्यानल भेरिफाइड भएको छ संगीतकार थापाले भने- युट्युबको व्यवसायिक प्रक्रियामा छिरेका छौं ।

गीत हेर्ने, मनपराउने, टिप्पणी, आदानप्रदान र सबसक्राइब गर्नेको संख्याका आधारमा युट्युबमा गीतको चर्चा मापन हुन्छ । सोही आधारमा कलाकारले पैसा पाउँछन् । पैसा आउनका लागि तोकिएको संख्यामा हेरिनुपर्ने र सबसक्राइबर पुग्नुपर्ने प्रावधान छ । शुरूमा युट्युब एकाउन्ट परीक्षणमा रहने र 'मोनिटाइज' भएपछि मात्र पैसा आउने गरेको छ । श्रव्य क्यासेट, सिडी, सिआरविटी हुँदै संगीत व्यवसाय अहिले युट्युबमा केन्द्रित छ । प्रविधिको फड्कोले संगीत बजारको स्वरूप बदलेको हो ।

काम गर्न मिल्ने भिसा भएकाहरुले तुरुन्त सम्पर्क गर्नुहोला

Only for Regular Staff

Job: Topping Potato Peelling
Salary: 985~1,200/Hour
(+25% after 22:00 for Night Shift)
Time: 07:00~16:00 Day Shift
18:00~03:00 Night Shift
Job Location: Akishima City
Accomodation: Provided

Please contact us for more Details
080-6596-7320 (Suzuki)

Only for Regular Staff

Job: Mixing of Vegetables
Salary: 1000~1250/Hour
(+25% After 22:00 for Night Shift)
Time: 7:00~16:00 Day Shift
19:00~04:00 Night Shift
Job Location: Akishima City
Accomodation: Provided

Please contact us for more Details
080-5514-3036 (Chinen)

YUTEC CO. LTD.
2-7-3 Showa Cho, Akishima-Shi, Tokyo 196-0015
Tel: 042-519-5471 Fax: 042-519-5472

"एकता, व्यवसायिकता र उद्यमशिलता, हाम्रो प्रतिवद्धता ।"

ब्यवसायिक क्षेत्रका अत्यावश्यकीय जानकारीहरुको एकमुष्ट कार्यक्रम

एकदिवसीय ब्यवसायिक सेमिनार

सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका स्रोत ब्यक्तिहरुको सूचनामुलक एवं ज्ञानवर्द्धक प्रस्तुती रहने कार्यक्रममा सहभागी भई ब्यवसायिक लाभ लिने अवसर नगुमाउनुहोला । ब्यापार-ब्यवसायमा संलग्न सबैका लागि अति उपयोगी, ब्यवहारिक र महत्वपूर्ण कार्यक्रममा सहभागी बनौं ।

TAKUYA KANEKO
भिसा तथा आप्रवासन (अध्यागमन) नीति सम्बन्धमा

OGAWA BUNKEI
ब्यवसायिक लेखा परीक्षण, ट्याक्स (एकाउन्टिङ-अडिटिङ) सम्बन्धमा

SHIZUO KISHIMOTO
विमा (इन्स्युरेन्स) सम्बन्धमा

कार्यक्रम
मिति : २०१८ फेब्रुअरी ९ शनिबार
स्थान : नेपाली मुरा हल, सोलमारी, शिन-ओकुबो
समय : अपरान्ह १:१५ बजेदेखि

आयोजक
नेपाली ब्यवसायी संघ (एनबिए) जापान
सम्पर्क
०९०-३५९५-१०६२,०९०-८८१०-९०१४

सहयोगी
एनआरएनए जापान

Published by: GMT International Co. Ltd., Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314, Email: samudraparinews@gmail.com, 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073
Editor in chief: Tilak Malla, Editor: Ritu Kumar Dura, Designer/Developer: Bishnu Prasad Subedi